# न्याय परिषदको

# वार्षिक प्रतिवेदन

## २०८१/०८२




## न्याय परिषद सचिवालय

रामशाहपथ, काठमाडौं



सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषदका अध्यक्ष प्रकाशमान सिंह राउतले कानून न्याय तथा संसदीय मामिला मन्त्री एवम् न्याय परिषदका सदस्य अनिल कुमार सिन्हालाई न्याय परिषदमा स्वागत गर्नुहुँदै ।




सम्माननीय प्रधान न्यायाधीश एवम् न्याय परिषदका अध्यक्ष प्रकाशमान सिंह राउतको साथमा न्याय परिषद तथा न्याय सेवा आयोगका पदाधिकारीहरू ।

## न्याय परिषदको

# वार्षिक प्रतिवेदन

## आ.व. २०८१/०८२

प्रकाशक

**न्याय परिषद सचिवालय**

रामशाहपथ, काठमाडौं

## न्याय परिषदको

# वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०८१/०८२


प्रकाशन सङ्ख्या : १०० प्रति

प्रकाशक : न्याय परिषद सचिवालय, रामशाहपथ, काठमाडौं

सर्वाधिकार© : न्याय परिषद सचिवालय



: फोन नं. ०१-४२००७७५, ०१-४२००७७६, ०१-४२००७७७

: Website: www.jcs.gov.np

: E-mail: info@jcs.gov.np

# न्याय परिषदका पदाधिकारीहरू



सम्माननीय अध्यक्ष
श्री प्रकाशमान सिंह राउत



माननीय सदस्य
श्री अनिल कुमार सिन्हा



माननीय सदस्य
श्री सपना प्रधान मल्ल



माननीय सदस्य
श्री महेश कुमार नेपाल



माननीय सदस्य
श्री दामोदर खड्का



सचिव
श्री जितेन्द्र बाबु थपलिया

## प्रतिवेदन अवधिमा रहनुभएका न्याय परिषदका पदाधिकारीहरू



**अध्यक्ष**
श्री विश्वम्भरप्रसाद श्रेष्ठ



**सदस्य**
श्री रामप्रसाद श्रेष्ठ



**माननीय सदस्य**
श्री अजय कुमार चौरसिया



**माननीय सदस्य**
श्री रामप्रसाद भण्डारी

## सचिव



**सचिव**
श्री यमबहादुर बुढामगर

सर्वोच्च अदालत
काठमाडौं, नेपाल

प्रधान न्यायाधीश

## मन्तव्य

नेपालको संविधानले आत्मसात् गरेको स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको मूल्य र मान्यतालाई अवलम्बन गर्दै ती मूल्य तथा मान्यताहरूलाई मूर्तरूप दिन न्याय परिषदको संवैधानिक व्यवस्था भएको छ। नेपालको संविधानले न्याय परिषदलाई न्यायाधीशको नियुक्ति, सरुवा, अनुशासन सम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्ने वा परामर्श दिने संवैधानिक जिम्मेवारी सुम्पेको छ।

नेपालको संविधानको धारा १३८ अनुसार न्याय परिषदले प्रत्येक वर्ष आफ्नो वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्नुपर्ने संवैधानिक प्रावधान अनुसार न्याय परिषदबाट हरेक वर्ष सम्पादन हुने भएका कामकारबाही र गतिविधिहरू समेटिएको वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश हुँदै आएको छ। आर्थिक वर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन न्याय परिषदको अध्यक्षको हैसियतले सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेश गर्न पाउँदा मलाई खुशी लागेको छ।

न्यायपालिकाको स्वतन्त्रता, सक्षमता र निष्पक्षता संरक्षण र संवर्द्धन गर्दै न्यायिक सुशासन प्रवर्द्धन गर्ने सन्दर्भमा न्याय परिषदले उच्च उत्तरदायित्वबोधका साथ निरन्तर सक्रिय रहँदै आफ्नो भूमिका प्रभावकारी ढङ्गले निर्वाह गर्दै आएको छ। यस सन्दर्भमा नेपालको संविधान, न्याय परिषद ऐन, २०७३ तथा न्याय परिषद नियमावली, २०७४ को मर्म र भावनाअनुसार परिषदले आफ्ना कामकारबाहीलाई व्यवस्थित, पारदर्शी र उत्तरदायी बनाउँदै अघि बढाएको छ। साथै, सम्बद्ध संवैधानिक एवम् कानूनी दायित्व र जिम्मेवारीलाई थप प्रभावकारी बनाउन विभिन्न निर्देशिका, कार्यविधि तथा मापदण्ड समेत जारी गरी कार्यान्वयनमा ल्याइएका छन्। यी सम्पूर्ण प्रयासहरू न्यायिक प्रणालीप्रति जनविश्वास अभिवृद्धि गर्ने, न्याय प्रशासनलाई सुदृढ र प्रभावकारी बनाउने तथा विधिको शासनलाई प्रवर्द्धन गर्ने दिशामा केन्द्रित छन्।

संस्थागत प्रतिवेदनले उत्तरदायित्व, जवाफदेहिता र पारदर्शिताको संस्कृति सुदृढ गर्नुका साथै निरन्तर सुधारप्रतिको प्रतिबद्धतालाई अझ सशक्त बनाउँदछ र यो संस्थाको सफलताको लागि रणनीतिक आधारशिला पनि हो। प्रस्तुत प्रतिवेदनमा आर्थिक वर्ष २०८१/८२ का दौरान न्याय परिषद तथा न्याय परिषद सचिवालयबाट सम्पादित काम कारबाही, गतिविधि र उपलब्धीहरूलाई समेटिनुका साथै कार्यान्वयनका क्रममा देखापरेका समस्या, चुनौतीहरू तथा तिनका सुधारका उपायहरू समेत समावेश गरिएको छ। यस प्रतिवेदनमा समावेश गरिएका विवरण र सम्पादित काम कारबाहीसँग सम्बन्धित विवरणको अध्ययनबाट न्याय परिषदसँग चासो र सरोकार राख्ने सबै सरोकारवालाहरूलाई आवश्यक जानकारी, मार्गदर्शन तथा लाभ प्राप्त हुनेछ भन्ने विश्वास मैले लिएको छु।

अन्त्यमा, न्याय परिषदको कार्यलाई प्रभावकारी बनाउन महत्त्वपूर्ण योगदान गर्नुभएका न्याय परिषदका माननीय सदस्यहरूप्रति हार्दिक धन्यवाद प्रकट गर्न चाहन्छु। प्रस्तुत प्रतिवेदनको तयारीमा निरन्तर खटिने न्याय परिषद सचिवालयमा कार्यरत सचिव लगायत सम्पूर्ण कर्मचारीहरूलाई समेत धन्यवाद दिन चाहन्छु।

२०८२ चैत
११४६ चौलाथ्व

प्रकाशमानसिंह राउत
प्रधान न्यायाधीश एवं अध्यक्ष, न्याय परिषद

# विषय सूची


## परिच्छेद - एक
## प्रारम्भिक

१.१ पृष्ठभूमि १
१.२ न्याय परिषद १
१.३ न्याय परिषद सचिवालय २

## परिच्छेद - दुई
## न्याय परिषद

२.१ न्याय परिषदको संरचना ३
२.२ न्याय परिषदको काम, कर्तव्य र अधिकार ३
२.२.१ न्यायाधीश नियुक्तिको सिफारिससम्बन्धी ३
२.२.२ न्यायाधीशको सरूवा र काजसम्बन्धी ४
२.२.३ संवैधानिक इजलासमा न्यायाधीश तोक्नेसम्बन्धी ४
२.२.४ मेलमिलाप परिषदमा अध्यक्ष नियुक्तिको सिफारिससम्बन्धी ५
२.२.५ राष्ट्रिय न्यायिक प्रतिष्ठानमा कार्यकारी निर्देशक नियुक्तिको सिफारिससम्बन्धी ५
२.२.६ अनुशासनात्मक कारबाहीसम्बन्धी ५
२.२.७ सिफारिस तथा परामर्शसम्बन्धी ७
२.२.८ अन्य व्यवस्थापकीय कार्यसम्बन्धी ७
२.२.९ तालिम र प्रशिक्षणसम्बन्धी ८
२.२.१० न्याय प्रशासनसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गराउने ८
२.२.११ नेपाल सरकारसँग सम्पर्क ८

## परिच्छेद - तीन
## न्याय परिषदबाट सम्पादित कार्यहरूको विवरण

३.१ न्याय परिषदको बैठक तथा निर्णय सङ्ख्या ९
३.२ परिषदका निर्णयहरूको विषयगत विवरण ९
३.३ अदालतहरूमा न्यायाधीशहरूको दरबन्दी र पूर्तिको अवस्था १०
३.३.१ सर्वोच्च अदालत ११
३.३.२ उच्च अदालत ११
३.३.३ जिल्ला अदालत १२
३.४ न्यायाधीशहरूको सरूवा सिफारिस तथा काज समर्थन १४
३.५ सिफारिस तथा परामर्श १४
३.५.१ संवैधानिक इजलासका लागि न्यायाधीश तोक्न सिफारिस १४
३.५.२ मेलमिलाप समितिको अध्यक्ष सिफारिस १४
३.५.३ नेपाल सरकारलाई परामर्श दिनेसम्बन्धी निर्णय १५
३.५.४ निर्वाचन अधिकृतको लागि परामर्श १६
३.६ उजुरी तथा अनुशासनात्मक कारबाहीसम्बन्धी १६
३.६.१ छानबिनको लागि तोकिएको १६
३.७ सम्मान तथा पुरस्कारसम्बन्धी १६
३.८ उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूउपर परेका उजुरी तथा फछ्र्यौट विवरण १६
३.९ विविध १९
३.१० न्याय परिषदको वार्षिक प्रतिवेदनसम्बन्धी २०

## परिच्छेद - चार
## न्याय परिषद सचिवालय


४.१ सचिवालयको सङ्गठन संरचना २१
४.२ न्याय परिषदको सचिवको काम, कर्तव्य र अधिकार २२
४.३ न्याय परिषद सचिवालयको काम, कर्तव्य र अधिकार २२
४.३.१ अभिलेख व्यवस्थापन गर्ने २२
४.३.२ बैठक व्यवस्थापन गर्ने २४
४.३.३ निर्णय कार्यान्वयन गर्ने २४
४.३.४ सहयोगात्मक कार्य २४
४.३.५ विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्ने २५
४.३.६ राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउने २५
४.३.७ विविध २५
४.४ न्याय परिषद सचिवालयबाट सम्पादित कामहरूको विवरण २५
४.४.१ अभिलेख व्यवस्थापनसम्बन्धी कार्य २५
४.४.२ बैठक व्यवस्थापनसम्बन्धी कार्य २६
४.४.३ निर्णय कार्यान्वयनसम्बन्धी २६
४.४.४ वार्षिक प्रतिवेदन एवम् बुलेटिन प्रकाशनसम्बन्धी २६
४.५ न्यायाधीशहरूको अवकाश/राजीनामा/पदमुक्तसम्बन्धी विवरण २७
४.६ आ.व. २०८१/०८२ को न्याय परिषद सचिवालयको वित्तीय स्थिति २८


## परिच्छेद - पाँच
## समस्या र सुधारका क्षेत्रहरू


५.१ भौतिक संरचनाका सम्बन्धमा ३१
५.२ सचिवालयको जनशक्ति व्यवस्थापन ३२
५.३ न्यायाधीशको नियुक्ति तथा सरूवा सम्बन्धमा ३२
५.४ प्रवर्द्धनात्मक कार्यमा जोड ३३
५.५ न्यायाधीशको काम कारबाहीको अनुगमन तथा निगरानी ३३
५.६ सरोकारवालाबिचको सहयोग र समन्वय ३३
५.७ सूचना प्रविधिको प्रयोग ३४
५.८ सचिवालयमा कार्यरत कर्मचारीको तालिम तथा उत्प्रेरणा ३४
५.९ फैसला वा आदेश सदर, बदर, उल्टी सम्बन्धी विवरण ३५
५.१० अदालत निरीक्षणलाई प्रभावकारी बनाउने सम्बन्धमा ३५
५.११ आन्तरिक व्यवस्थापन र सुशासन ३५


## अनुसूचीहरू


अनुसूची-१
न्याय परिषदका अध्यक्ष र सदस्यहरूको नामावली ३६
अनुसूची-२
उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूको सरूवा सिफारिस तथा काज ३७
अनुसूची-३
निर्वाचन अधिकृत सिफारिस ५५
अनुसूची-४
न्याय परिषदका पूर्व पदाधिकारीहरू ५८
अनुसूची-५
न्याय परिषद सचिवालयमा हालसम्म कार्यरत सचिवहरू ६०
अनुसूची-६
न्याय परिषद सचिवालयमा प्रतिवेदन पेस हुँदा कार्यरत न्यायाधीश तथा कर्मचारीहरू ६१

# परिच्छेद - एक
## प्रारम्भिक

### १.१ पृष्ठभूमि

नागरिकको जिउ, धन, स्वतन्त्रताको संरक्षण गरी न्यायको प्रत्याभूति गर्नु लोकतान्त्रिक राज्यको कर्तव्य हो। कानूनको शासन मजबुत भएमा न्यायपूर्ण समाजको स्थापना हुन्छ। कानूनी शासनको सुनिश्चितता गर्दै नागरिक अधिकारको रक्षाका लागि स्वतन्त्र न्यायपालिका अपरिहार्य रहन्छ।न्यायपालिका स्वतन्त्र रहेमा लोकतान्त्रिक शासन व्यवस्था सबल हुन्छ।न्यायपालिकालाई स्वच्छ, निष्पक्ष र जनउत्तरदायी बनाउन सकेमा जनतामा न्यायको अनुभूति हुन गई कानूनी शासनको अभीष्ट पूरा हुन सक्छ। नेपालको वर्तमान संविधान तथा प्रचलित अन्य कानूनका प्रावधानहरूले स्वतन्त्र न्यायपालिकालाई संस्थागत गर्ने लक्ष्य लिएको देखिन्छ। मानव अधिकारको आधारभूत मूल्य मान्यता, सुशासनको अवधारणा, विधिको शासन, संविधानवाद तथा लोकतन्त्रका अन्तरवस्तुसमेतलाई संविधानमा समाहित गर्दै नागरिकका हक र अधिकारको सुनिश्चितता गर्ने उद्देश्य राज्यले राखेको देखिन्छ। लोकतन्त्रको सुदृढीकरण स्वतन्त्र न्यायपालिका र यसको संस्थागत विकासले मात्र सम्भव हुन्छ। संविधानद्वारा प्रत्याभूत गरिएका नागरिकका हक र अधिकारको रक्षा गर्ने एवम् ती हक अधिकारहरूमाथि हुने अतिक्रमण रोक्ने राज्यको महत्त्वपूर्ण अंग नै स्वतन्त्र न्यायपालिका हो।

नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ। उक्त परिकल्पनालाई सार्थक तुल्याउने उद्देश्यले न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस गर्न वा परामर्श दिन नेपालको संविधानको धारा १५३ मा न्याय परिषदको संरचना र काम कर्तव्यको व्यवस्था गरिएको छ।

### १.२ न्याय परिषद

वि.सं. १९९७ साल श्रावण १ गते जारी भएको सनदबमोजिम नेपालमा प्रधान न्यायालयको स्थापना भएको पाइन्छ। नेपालको अन्तरिम शासन विधान, २००७ को धारा ३२ ले पनि प्रधान न्यायालयको व्यवस्था गरेको देखिन्छ। प्रधान न्यायालय ऐन, २००८ मा प्रधान न्यायालयमा प्रधान न्यायाधीशका अतिरिक्त अन्य चार जना न्यायाधीश रहने र निजहरूको नियुक्ति मन्त्रिमण्डलको सल्लाहबमोजिम श्री ५ बाट हुने कानूनी व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०१५ ले सर्वोच्च अदालतको प्रधान न्यायाधीशको नियुक्ति प्रधानमन्त्री र सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको परामर्शमा हुने र अन्य न्यायाधीशहरूको हकमा प्रधान न्यायाधीशको परामर्श र अन्य न्यायाधीशहरूको रायसमेत बुझी श्री ५ बाट नियुक्ति हुने व्यवस्था गरेको पाइन्छ। नेपालको संविधान, २०१९ ले पनि सर्वोच्च अदालतमा प्रधान न्यायाधीशको अलावा कानूनमा अन्यथा व्यवस्था भएबाहेक छ जना न्यायाधीश रहन सक्ने व्यवस्था गरेको थियो। राजसभाको परामर्श र अन्य न्यायाधीशहरूको राय बुझी प्रधान न्यायाधीशको र प्रधान न्यायाधीशसँग परामर्श गरी सर्वोच्च अदालतको अन्य न्यायाधीशहरूको नियुक्ति गर्ने संवैधानिक प्रावधान उक्त संविधानले गरेको पाइन्छ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले न्यायाधीश नियुक्ति, सरूवा र बर्खासीसम्बन्धी स्वतन्त्र निकायको रूपमा न्याय परिषदको व्यवस्था गरिनुअगाडि न्यायाधीशहरू न्याय सेवा आयोगअन्तर्गत नियमन हुने व्यवस्था थियो। २०४७ सालको संवैधानिक परिवर्तनअगाडि अञ्चल र जिल्ला न्यायाधीश पनि निजामती कर्मचारी रहने प्रावधानअनुरूप निजहरूको र न्याय सेवाका अधिकृत कर्मचारीहरूको नियमन न्याय सेवा आयोग ऐनबमोजिम हुने

गर्दथ्यो। न्यायपालिका स्वतन्त्रताको अभावमा न्याय सम्पादनको कार्य पनि निष्पक्ष हुन नसक्ने अवधारणाअन्तर्गत पहिलो पटक न्यायाधीशको नियुक्ति, सरूवा र बर्खासीसम्बन्धी व्यवस्थाका लागि नेपाल अधिराज्यको संविधान, २०४७ ले एक स्वतन्त्र निकायको रूपमा "न्याय परिषद"को व्यवस्था गर्दै सर्वोच्च अदालतको प्रधान न्यायाधीशबाहेक अन्य न्यायाधीशहरूको नियुक्तिको सिफारिस गर्न, तत्कालीन पुनरावेदन अदालत र जिल्ला अदालतका न्यायाधीशहरूलाई सरूवा गर्ने, अनुशासनसम्बन्धी कारबाही र बर्खासी तथा न्याय प्रशासनसम्बन्धी अन्य कुराहरूको सिफारिस गर्न वा परामर्श दिन परिषद-प्रणालीलाई पहिलो पटक अङ्गीकार गरेको पाइन्छ। यसर्थ स्वतन्त्र न्यायपालिकासम्बन्धी अवधारणालाई सुदृढ गराउनका लागि नेपाल अधिराज्यको संविधान, २०४७ एउटा कोशेढुङ्गा साबित भएको थियो। उक्त संविधानले नै सबै तहका न्यायाधीशको पद संवैधानिक पदमा रूपान्तरण गरी न्यायाधीशहरूको सेवा सर्त र सुविधासम्बन्धी ब्यवस्थाको अलग ऐन निर्माण गरेको पाइन्छ। उल्लिखित संविधानको धारा ९३ ले न्याय परिषदको अध्यक्षमा प्रधान न्यायाधीश र सदस्यहरूमा कानून मन्त्री, सर्वोच्च अदालतका वरिष्ठतम दुई जना न्यायाधीशहरू र एक जना कानूनविद् रहने व्यवस्था गरेको थियो। न्याय परिषदको उक्त संरचनामा सर्वोच्च अदालतका वरिष्ठतम एक जना न्यायाधीशको सट्टामा नेपाल बार एसोसिएसनको सिफारिसमा वरिष्ठ अधिवक्ता वा अधिवक्तालाई सदस्यको रूपमा राष्ट्रपतिद्वारा नियुक्त गर्ने फरक व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ ले गरेकोमा सोही व्यवस्थालाई वर्तमान नेपालको संविधानले समेत निरन्तरता दिएको छ।

न्याय परिषद ऐन, २०७३ ले न्यायाधीशले पालन गर्नुपर्ने आचारसंहिता बनाई लागु गर्ने तथा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको काम कारबाही र आचरणको नियमित निगरानी तथा अनुगमन गर्ने जिम्मेवारीसमेत न्याय परिषदलाई दिएको छ। साथै न्याय प्रशासनसम्बन्धी विविध विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने, न्यायाधीशको तालिम तथा प्रशिक्षणका सम्बन्धमा सम्बन्धित निकायलाई पाठ्यक्रमलगायतका विषयमा आवश्यक निर्देशन दिने र न्याय प्रशासनसम्वन्धी विषयमा परामर्श दिनेसमेतका कार्य न्याय परिषदको कार्यक्षेत्रभित्र समेटिएको छ। न्याय परिषद ऐन, २०७३ र न्याय परिषद नियमावली, २०७४ ले न्याय परिषदको काम कारबाहीलाई व्यवस्थित गरिरहेकोमा सोलाई थप प्रभावकारी बनाउन न्यायाधीश विरुद्ध परेका उजुरीहरूउपर कारबाहीसम्बन्धी कार्यविधि, २०७५ समेत निर्माण भई लागु भएको छ।

### १.३ न्याय परिषद सचिवालय

न्याय परिषद ऐन, २०७३ को दफा ३४ मा न्याय परिषदको एउटा छुट्टै सचिवालय रहने र सो सचिवालय काठमाडौं उपत्यकामा रहने भन्ने व्यवस्था गरेको छ। न्याय परिषद सचिवालय न्याय परिषद र न्याय सेवा आयोगको संयुक्त प्रशासकीय निकाय हो। न्याय परिषदको मिति २०४७।०९।०३ को निर्णयबमोजिम न्याय परिषद सचिवालयको स्थापना भएको हो। यसमा नेपाल न्याय सेवाका राजपत्राङ्कित विशिष्ट श्रेणीका सचिव प्रशासकीय प्रमुखका रूपमा रहने कानूनी व्यवस्था छ। यसका साथै न्याय सेवा आयोग ऐन, २०७३ को दफा ३ मा आयोगले अन्यथा व्यवस्था गरेकोमा बाहेक आयोगको सचिवालय न्याय परिषद सचिवालय रहेको ठाउँमा रहने व्यवस्था गरेको छ।न्याय परिषद र न्याय सेवा आयोगको बैठक व्यवस्थापन गर्न, बैठकहरूबाट गरिने निर्णयहरूको लागि आवश्यक पर्ने सूचना, तथ्याङ्कहरू सङ्कलन र संरक्षण गर्न एवम् न्याय परिषद र न्याय सेवा आयोगको निर्णयहरू कार्यान्वयन गर्न सचिव (न्याय सेवाको विशिष्ट श्रेणी) को नेतृत्वमा न्याय परिषद सचिवालयको व्यवस्था गरेअनुरूप न्याय परिषद र न्याय सेवा आयोगको सचिवालय रहेको छ।

# परिच्छेद - दुई
## न्याय परिषद

### २.१ न्याय परिषदको संरचना

नेपालको संविधानको धारा १५३ को उपधारा (१) मा न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयहरूको सिफारिस गर्न वा परामर्श दिन एउटा न्याय परिषद रहने व्यवस्था छ, जसमा देहायबमोजिमका अध्यक्ष र सदस्यहरू रहेका छन्:

| | | |
|---|---|---|
| क) | प्रधान न्यायाधीश | अध्यक्ष |
| ख) | सङ्घीय कानून तथा न्याय मन्त्री | सदस्य |
| ग) | सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश एक जना | सदस्य |
| घ) | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्त गरेको एकजना कानूनविद् | सदस्य |
| ङ) | नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिद्वारा नियुक्त कम्तीमा बिस वर्षको अनुभव प्राप्त वरिष्ठ अधिवक्ता वा अधिवक्ता | सदस्य |

न्याय परिषदमा हाल बहाल रहनुभएका तथा प्रतिवेदन अवधिमा कायम रहनुभएका अध्यक्ष तथा सदस्यहरूको विवरण अनुसूची-१ मा उल्लेख गरिएको छ।

### २.२ न्याय परिषदको काम, कर्तव्य र अधिकार

नेपालको संविधानको धारा १५३ मा न्याय परिषदको काम कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था रहेको छ। न्याय परिषद ऐन २०७३, न्याय प्रशासन ऐन, २०७३ र न्याय परिषद नियमावली, २०७४ समेतका कानूनी व्यवस्थाका आधारमा परिषदले हालसम्म आफ्ना काम कारबाहीहरू सञ्चालन गर्दै आएको छ। न्याय परिषदको मुख्य काम, कर्तव्य र अधिकारहरू यसप्रकार रहेको छः

### २.२.१ न्यायाधीश नियुक्तिको सिफारिससम्बन्धी

नेपालको संविधानबमोजिम सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतहरूमा देहायबमोजिम न्यायाधीश नियुक्ति हुने व्यवस्था रहेको छः

#### क. सर्वोच्च अदालत

नेपालको संविधानको धारा १२९ को उपधारा (२) मा संवैधानिक परिषदको सिफारिसमा प्रधान न्यायाधीशको र न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतका अन्य न्यायाधीशको नियुक्ति राष्ट्रपतिबाट हुने व्यवस्था छ। त्यसैगरी धारा १२९ को उपधारा (५) मा कानूनमा स्नातक उपाधि प्राप्त गरी उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको हैसियतमा कम्तीमा पन्ध्र वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा पन्ध्र वर्षसम्म न्याय वा कानूनको क्षेत्रमा निरन्तर काम गरी विशिष्ट कानूनविद्को रूपमा ख्याति प्राप्त गरेको वा न्याय सेवाको राजपत्राङ्कित प्रथम श्रेणी वा सोभन्दा माथिल्लो पदमा कम्तीमा बाह्र वर्ष काम गरेको नेपाली नागरिकमध्येबाट न्याय परिषदको सिफारिसमा सर्वोच्च अदालतको न्यायाधीशको पदमा राष्ट्रपतिबाट नियुक्ति गरिने व्यवस्था रहेको छ।

**ख. उच्च अदालत**

नेपालको संविधानको धारा १४० बमोजिम कानूनमा स्नातक उपाधि प्राप्त गरी जिल्ला न्यायाधीशको पदमा कम्तीमा पाँच वर्ष काम गरेको वा कानूनमा स्नातक उपाधि प्राप्त गरी वरिष्ठ अधिवक्ता वा अधिवक्ताको रूपमा कम्तीमा दश वर्ष निरन्तर वकालत गरेको वा कम्तीमा दश वर्ष कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर काम गरेको वा न्याय सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको नेपाली नागरिकलाई न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशद्वारा उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्ति गर्ने व्यवस्था छ।

नेपालको संविधानको धारा १४० को उपधारा (३) बमोजिम योग्यता पुगेका व्यक्तिहरूमध्येबाट जिल्ला न्यायाधीशको हकमा निजले वार्षिक रूपमा फैसला गरेको मुद्दाको अनुपात र माथिल्लो अदालतमा अन्तिम निर्णय हुँदा मुद्दा सदर, बदर वा उल्टी भएको मूल्याङ्कनको आधारमा, न्याय सेवाको कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा कम्तीमा पाँच वर्ष काम गरेको व्यक्तिको हकमा ज्येष्ठता, योग्यता र कार्यसम्पादनको स्तरको मूल्याङ्कनको आधारमा र अन्यको हकमा वरिष्ठता, व्यावसायिक निरन्तरता, इमानदारी, पेसागत आचरण र न्याय र कानूनको क्षेत्रमा गरेको योगदानको मूल्याङ्कन गरी उच्च अदालतको मुख्य न्यायाधीश तथा न्यायाधीशको पदमा नियुक्ति गर्ने संवैधानिक व्यवस्था रहेको छ।

**ग. जिल्ला अदालत**

नेपालको संविधानको धारा १४९ बमोजिम जिल्ला न्यायाधीशको रिक्त पदमध्ये बिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारमा, रिक्त पदमध्ये चालिस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा कम्तीमा तीन वर्ष काम गरेका अधिकृतमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा र रिक्त पदमध्ये बाँकी चालीस प्रतिशत पदमा कानूनमा स्नातक उपाधि प्राप्त गरी अधिवक्ताको रूपमा निरन्तर कम्तीमा आठ वर्ष वकालत गरेका, कानूनमा स्नातक उपाधि प्राप्त गरी न्याय सेवाको राजपत्राङ्कित पदमा कम्तीमा आठ वर्ष काम गरेका वा कानूनको अध्यापन, अन्वेषण वा कानून वा न्यायसम्बन्धी अन्य कुनै क्षेत्रमा निरन्तर कम्तीमा आठ वर्ष काम गरेका नेपाली नागरिकमध्येबाट खुला प्रतियोगितात्मक परीक्षाको आधारमा छनौट भई न्याय सेवा आयोगबाट सिफारिस भएका व्यक्तिलाई न्याय परिषदको सिफारिसमा जिल्ला न्यायाधीश पदमा प्रधान न्यायाधीशबाट नियुक्ति गर्ने व्यवस्था रहेको छ।

साथै न्याय परिषद ऐन, २०७३ को दफा ५ ले समेत न्यायाधीश नियुक्तिका आधारहरू उल्लेख गरेको छ।

## २.२.२ न्यायाधीशको सरूवा र काजसम्बन्धी

न्याय परिषदले मुद्दा फछ्र्यौट सङ्ख्या, कार्य सम्पादनको स्थिति, कार्यक्षमता, सुगम तथा दुर्गम स्थानसमेतलाई आधार लिई उच्च तथा जिल्ला अदालतका न्यायाधीशलाई सरूवा गर्न प्रधान न्यायाधीशसमक्ष सिफारिस गर्ने संवैधानिक व्यवस्था रहेको छ। उच्च अदालतका न्यायाधीशलाई न्याय परिषदको सिफारिसमा र जिल्ला अदालतका न्यायाधीशको हकमा प्रधान न्यायाधीश स्वयंले आवश्यकताअनुसार एक अदालतबाट अर्को अदालतमा काजमा खटाउन सक्ने कानूनी व्यवस्था न्याय परिषद ऐन, २०७३ को दफा २७ मा रहेको छ।

## २.२.३ संवैधानिक इजलासमा न्यायाधीश तोक्नेसम्बन्धी

संविधानको धारा १३७ बमोजिम सर्वोच्च अदालतमा रहने संवैधानिक इजलासमा प्रधान न्यायाधीश र न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले तोकेको सर्वोच्च अदालतका अन्य चार जना न्यायाधीश रहने व्यवस्था

छ। उक्त संवैधानिक व्यवस्थाबमोजिम सर्वोच्च अदालतमा रहने संवैधानिक इजलासका लागि चार जना न्यायाधीश सिफारिस गर्ने गरिएकोमा निवेदक अधिवक्ता माधवकुमार बस्नेत विरुद्ध न्याय परिषद सचिवालयसमेत भएको (०७३-WF-००२०) को परमादेशको रिट निवेदनमा सर्वोच्च अदालतको बृहत् पूर्ण इजलासबाट मिति २०७३।१२।१० मा भएको आदेशपश्चात् संवैधानिक इजलासका लागि चार जनाभन्दा बढी सङ्ख्यामा न्यायाधीश सिफारिस गर्ने गरिएको छ।

### २.२.४ मेलमिलाप परिषदमा अध्यक्ष नियुक्तिको सिफारिससम्बन्धी

न्याय परिषदले मेलमिलापसम्बन्धी ऐन, २०६८ को दफा २६ बमोजिम प्रधान न्यायाधीशसमक्ष मेलमिलाप परिषदको अध्यक्षको नियुक्तिको लागि सिफारिस गर्ने कानूनी व्यवस्था रहेको छ।

### २.२.५ राष्ट्रिय न्यायिक प्रतिष्ठानमा कार्यकारी निर्देशक नियुक्तिको सिफारिससम्बन्धी

न्याय परिषदले राष्ट्रिय न्यायिक प्रतिष्ठान ऐन, २०६३ को दफा १७ (२) बमोजिम सर्वोच्च अदालतको न्यायाधीशको पदमा बहाल रहेको, उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा बहाल रहेको, सर्वोच्च अदालतको न्यायाधीशको पदमा वा उच्च अदालतको मुख्य न्यायाधीश वा न्यायाधीशको पदमा काम गरिसकेको वा उच्च अदालतको न्यायाधीश हुन योग्य व्यक्तिहरूमध्येबाट व्यवस्थापन, अनुसन्धान तथा प्रशिक्षण कार्यमा दक्षता भएको व्यक्तिलाई राष्ट्रिय न्यायिक प्रतिष्ठानको कार्यकारी निर्देशक पदमा खटाउन वा नियुक्त गर्नका लागि प्रधान न्यायाधीशसमक्ष सिफारिस गर्ने व्यवस्था रहेको छ। सोही ऐनको दफा १७ (३) बमोजिम कार्यकारी निर्देशकको पदमा खटिएको बहालवाला न्यायाधीशलाई निजको पदावधि पूरा नहुँदै न्याय परिषदको सिफारिसमा न्यायाधीशकै पदमा काम गर्ने गरी फिर्ता गर्न सक्ने कानूनी व्यवस्थासमेत रहेको छ।

### २.२.६ अनुशासनात्मक कारबाहीसम्बन्धी

नेपालको संविधानले उच्च अदालतका मुख्य न्यायाधीश तथा न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशहरूलाई कार्यक्षमताको अभाव, खराब आचरण, इमानदारीपूर्वक आफ्नो कर्तव्यको पालना नगरेको, बदनियतपूर्वक कामकारबाही गरेको वा निजले पालना गर्नुपर्ने आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको आधारमा न्याय परिषदको सिफारिसमा प्रधान न्यायाधीशले पदमुक्त गर्न सक्ने व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्थाअनुरूप न्यायाधीशउपरको उजुरी र कारबाहीको प्रक्रिया देहायबमोजिम हुने गरेको छः

#### (क) उजुरीसम्बन्धी व्यवस्था

उच्च तथा जिल्ला अदालतका कुनै न्यायाधीशको कार्यक्षमताको अभाव रहेको वा निजले पदीय दायित्व इमानदारीपूर्वक निर्वाह नगरेको वा बदनियतपूर्वक कामकारबाही गरेको वा निजको खराब आचरण भएको वा आचारसंहिताको गम्भीर उल्लङ्घन गरेको देखिने सबुद प्रमाणसहित कुनै पनि व्यक्तिले सम्बन्धित न्यायाधीशउपर कारबाहीका लागि न्याय परिषद सचिवालयमा उजुरी दिन सक्ने छन्। यसबाहेक न्याय परिषदले जुनसुकै स्रोतबाट प्राप्त गरेको सूचनालाई उजुरीको रूपमा ग्रहण गरी कारबाही प्रक्रिया अगाडि बढाउनसमेत सक्ने छ।

#### (ख) उजुरीसँग सम्बद्ध मुद्दाको अध्ययन

न्याय परिषद ऐन, २०७३ को दफा १७ मा कुनै मुद्दाको सम्बन्धमा कुनै न्यायाधीश विरुद्ध उजुरी परेमा न्याय परिषदले त्यस्तो मुद्दाको अध्ययन गर्न परिषदका कुनै सदस्यलाई तोक्न सक्ने र तोकिएको सदस्यले उजुरीसँग सम्बन्धित मुद्दाको अध्ययन गरी न्याय परिषदले तोकेको अवधिभित्र आफ्नो रायसहितको प्रतिवेदन पेस गर्नुपर्ने व्यवस्था छ।

### (ग) प्रारम्भिक छानबिन

न्याय परिषद ऐन, २०७३ को दफा १८ मा न्याय परिषदमा प्राप्त उजुरी वा अनुगमन वा निरीक्षण प्रतिवेदनको आधारमा वा न्याय परिषद आफैंले उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशको विरुद्धमा छानबिन गर्न आवश्यक देखेमा परिषदको कुनै सदस्य वा सर्वोच्च अदालतको कुनै न्यायाधीशलाई त्यसको प्रारम्भिक छानबिन गर्न तोक्न सक्ने र त्यसरी तोकिएको सदस्य वा न्यायाधीशले तोकिएको अवधिभित्र आफ्नो रायसहितको प्रारम्भिक छानबिन प्रतिवेदन परिषदसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ।

### (घ) जाँचबुझ समिति गठन

न्याय परिषद ऐन, २०७३ को दफा १९ मा उजुरीसम्बन्धी अध्ययन प्रतिवेदन तथा प्रारम्भिक छानबिन प्रतिवेदनबाट कुनै न्यायाधीश विरुद्ध जाँचबुझ गराउन आवश्यक देखेमा न्याय परिषदको कुनै सदस्य वा सर्वोच्च अदालतको न्यायाधीशको अध्यक्षतामा सम्बन्धित क्षेत्रको विज्ञसहितको तीन सदस्यीय जाँचबुझ समिति गठन गर्न सक्ने र त्यसरी गठन भएको समितिले तोकेको अवधिभित्र जाँचबुझ सम्पन्न गरी प्रतिवेदन न्याय परिषदसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ। त्यसरी पेस भएको प्रतिवेदनको आधारमा आरोपित उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीशलाई कारबाही गर्नुपर्ने देखिएमा न्याय परिषदले कारण र आधार खुलाई मनासिब अवधि तोकी सम्बन्धित न्यायाधीशलाई सफाइको मौका दिई कारबाही गरिने व्यवस्था ऐ. ऐ. को दफा २१ मा रहेको छ।

### (ङ) तामेली वा कारबाहीको निर्णय

न्याय परिषद ऐन, २०७३ को दफा १७,१८ वा १९ बमोजिम तोकिएको वा गठित समितिले न्याय परिषदसमक्ष पेस गरेको प्रतिवेदनबाट उच्च अदालत वा जिल्ला अदालतको कुनै न्यायाधीश विरुद्धको आरोप तथ्यहीन देखिएमा पछि प्रमाण प्राप्त भएको अवस्थामा कानूनबमोजिम हुने गरी न्याय परिषदले त्यस्तो कारबाहीलाई न्याय परिषद ऐन, २०७३ को दफा २६ बमोजिम तामेलीमा राखी सोको जानकारी सम्बन्धित न्यायाधीशलाई दिनुपर्ने कानूनी व्यवस्था छ।

### (च) भ्रष्टाचारको अभियोगमा मुद्दा चलाउने

नेपालको संविधानको धारा १५३ को उपधारा (६) बमोजिम न्यायाधीशले भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेकोमा न्याय परिषदले सर्वोच्च अदालतका न्यायाधीश वा उच्च अदालतको कुनै न्यायाधीशलाई अनुसन्धान अधिकृत तोक्ने र त्यसरी तोकिएको अनुसन्धान अधिकृतबाट अनुसन्धान भई पेस भएको प्रतिवेदनको आधारमा मुद्दा चलाउनुपर्ने देखिएमा सो विषयमा निर्णय गरी न्याय परिषदको तर्फबाट न्याय परिषदको सचिव वा न्याय परिषदको राजपत्राङ्कित अधिकृतद्वारा नेपाल सरकारले तोकेको अदालतमा न्याय परिषद ऐन, २०७३ को दफा २२ बमोजिम मुद्दा दायर गर्नुपर्ने व्यवस्था छ।

### (छ) कार्य सम्पादन गर्न असमर्थ मानिने

कुनै न्यायाधीश संविधानको धारा १३१ को खण्ड (घ), धारा १४२ को उपधारा (१) को खण्ड (घ) वा धारा १४९ को उपधारा (६) को खण्ड (घ) बमोजिम शारीरिक वा मानसिक अस्वस्थताको कारणले सेवामा रही कार्य सम्पादन गर्न असमर्थ रहे नरहेको यकिन गर्न न्याय परिषदले न्याय परिषद ऐन, २०७३ को दफा १३ बमोजिम नेपाल सरकारद्वारा गठित मेडिकल बोर्डमा लेखी पठाउने र मेडिकल बोर्डले कुनै न्यायाधीशलाई शारीरिक वा मानसिक कारणले कार्य सम्पादन गर्न असमर्थ भएको भनी सिफारिस गरेमा न्याय परिषदले उच्च अदालतका न्यायाधीश र जिल्ला अदालतका न्यायाधीशको हकमा प्रधान न्यायाधीशसमक्ष र सर्वोच्च अदालतका न्यायाधीशको हकमा राष्ट्रपतिसमक्ष पदमुक्त गर्नका लागि सिफारिस गर्ने कानूनी व्यवस्था छ।

### २.२.७ सिफारिस तथा परामर्शसम्बन्धी

नेपालको संविधानले न्याय परिषदलाई न्याय प्रशासनसम्बन्धी अन्य विषयमा सिफारिस तथा परामर्श दिने जिम्मेवारी प्रदान गरेको छ। प्रचलित कानूनबमोजिम विशेष अदालत, राजस्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरण, सैनिक विशेष अदालत, उपभोक्ता अदालतलगायतका न्यायिक निकायहरूमा काम गर्नको लागि न्यायाधीशहरू तोक्न सिफारिस गर्ने तथा न्यायाधीशहरूलाई न्यायाधीशको पदमा बाहेक न्यायिक जाँचबुझको काममा वा केही खास अवधिको लागि कानून वा न्यायसम्बन्धी अनुसन्धान, अन्वेषण वा राष्ट्रिय सरोकारका अन्य कुनै काममा खटाउन नेपाल सरकारसमक्ष र जिल्ला न्यायाधीशलाई निर्वाचनसम्बन्धी काममा खटाउनुपर्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत निर्वाचन आयोगलाई परामर्श दिने कार्य गरिआएको छ।

### २.२.८ अन्य व्यवस्थापकीय कार्यसम्बन्धी

**(क) न्यायाधीशहरूको काम कारबाहीको निरीक्षण तथा कार्यसम्पादन मूल्याङ्कन**

न्याय परिषद ऐन, २०७३ को दफा १५ अनुसार उच्च अदालतको मुख्यन्यायाधीशले प्रत्येक वर्ष सम्बन्धित उच्च अदालत वा मातहतका जिल्ला अदालतका न्यायाधीशको कामकारबाहीको सम्बन्धमा निरीक्षण गरी न्याय परिषदमा प्रतिवेदन दिनुपर्ने व्यवस्था छ। यसरी निरीक्षण गर्ने न्यायाधीशले निरीक्षण गर्दा सम्बन्धित न्यायाधीशलाई खटाइएको स्थानमा रहेको वार्षिक रुजु हाजिरीको विवरण, सम्बन्धित अदालतमा रहेको मुद्दाको अनुपातमा न्यायाधीशले वर्षभरि गरेको फैसलाको विवरण, सम्बन्धित न्यायाधीशले गरेको फैसला माथिल्लो अदालतबाट सदर वा बदर भएकोमा सोको विवरण तथा अन्य व्यवस्थापकीय कामकारबाहीको विवरणसमेत प्रतिवेदनमा उल्लेख गर्नुपर्ने व्यवस्था गरेको छ। निरीक्षणकर्ताले निरीक्षण प्रतिवेदनको साथमा नियमावलीले निर्धारण गरेको ढाँचामा न्यायाधीशहरूको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी न्याय परिषद सचिवालयमा पेस गर्नुपर्ने छ। न्यायाधीशउपर कारबाही गर्दा न्याय परिषदले उल्लिखित प्रतिवेदनलाई समेत आधार लिन सक्ने कानूनी व्यवस्था छ।

**(ख) न्यायिक अनुगमन तथा निगरानीको कार्य गर्ने**

न्याय परिषद ऐन, २०७३ को दफा १६ ले न्यायाधीशको कामकारबाही तथा आचरणको नियमित अनुगमन एवम् निगरानी गर्ने जिम्मेवारी न्याय परिषदलाई तोकेको छ। सोबमोजिम अनुगमन तथा निगरानीको कार्यलाई प्रभावकारी बनाउन परिषदको कुनै सदस्यको संयोजकत्वमा एक वा तीन सदस्यीय न्यायिक अनुगमन तथा निगरानी समिति गठन गर्नसक्ने व्यवस्था रहेको छ।

**(ग) अभिलेख तयार गर्ने**

न्याय परिषद ऐन, २०७३ को दफा ३ ले संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका नेपाली नागरिकहरूको अभिलेख राख्नुपर्ने जिम्मेवारी न्याय परिषदलाई सुम्पेको छ। न्याय परिषद ऐन, २०७३ को दफा ३० मा न्याय परिषदले न्यायाधीश पदमा नियुक्ति भएको र अवकाश हुने मिति, योग्यता, अनुभव र विशेषज्ञता, उजुरीको सङ्क्षिप्त विवरण, कारबाहीको विवरण, फैसला वा आदेश र सोउपर माथिल्लो अदालतबाट भएको सदर बदरको विवरण, फैसला र आदेशको संख्यात्मक विवरणसमेत उल्लेख गरी अभिलेख राख्नुपर्ने कानूनी व्यवस्था छ। साथै उल्लिखित अभिलेखको आधारमा दफा ३१ बमोजिम सम्बन्धित न्यायाधीश र निकायलाई पदमा नरहेको जानकारी गराउनुपर्ने कार्यसमेत न्याय परिषदले गर्नुपर्ने हुन्छ। न्याय परिषद सचिवालयले PIMS Software मार्फत न्यायाधीश तथा राजपत्राङ्कित कर्मचारीहरूको अभिलेख विवरणलाई व्यवस्थित गर्दै आएको छ।

**(घ) न्यायाधीशको सम्पत्ति विवरण अद्यावधिक राख्ने**

न्याय परिषदका सदस्य तथा न्यायाधीशको पदमा नियुक्त भएका व्यक्तिले नियुक्ति भएको मितिले र अन्य न्यायाधीशहरूले प्रत्येक आर्थिक वर्ष समाप्त भएका मितिले साठी दिनभित्र न्याय परिषद नियमावली, २०७४ को नियम २०(१) बमोजिम उक्त नियमावलीको अनुसूची १२ को ढाँचामा आफ्नो र आफ्नो परिवारका सदस्यको नाममा भएको चल, अचल सम्पत्तिको स्थिति र सोको स्रोतसमेत खुलाइएको सम्पत्ति विवरण न्याय परिषदमा नियमित रूपमा पेस गर्नुपर्ने र यस्तो विवरण न्याय परिषद ऐन, २०७३ को दफा २९ बमोजिम गोप्य रहने व्यवस्था छ। कानूनले तोकिएको अवधिभित्र सम्पत्ति विवरण पेस नगर्ने न्यायाधीशलाई जरिवाना हुने कानूनी व्यवस्थासमेत रहेको छ।

## २.२.९ तालिम र प्रशिक्षणसम्बन्धी

न्याय परिषद ऐन, २०७३ को दफा ३३ को खण्ड (ग) ले न्यायाधीशहरूको तालिम तथा प्रशिक्षण सम्बन्धमा सम्बन्धित निकायलाई पाठ्यक्रमलगायतका विषयमा आवश्यक निर्देशन दिनुपर्ने जिम्मेवारी न्याय परिषदलाई दिएको छ। न्यायाधीशको तालिम तथा प्रशिक्षणको पाठ्यक्रम तयार गर्दा तालिम प्रदायक निकायले न्याय परिषदसँग समन्वय गर्नुपर्ने व्यवस्था न्याय परिषद नियमावली, २०७४ को नियम २३ ले गरेको छ।

## २.२.१० न्याय प्रशासनसम्बन्धी विषयमा अध्ययन अनुसन्धान गराउने

न्याय परिषद ऐन, २०७३ को दफा ३३ को खण्ड (ख) ले न्याय परिषदलाई न्याय प्रणालीको सुधारको लागि न्याय प्रशासनसँग सम्बद्ध विषयमा अध्ययन अनुसन्धान गर्ने गराउने जिम्मेवारीसमेत तोकेको छ। यसबाट समग्र न्याय प्रणालीको सुधार र न्यायाधीशको क्षमता अभिवृद्धिसम्बन्धी बिषयमा न्याय परिषदको भूमिका महत्त्वपूर्ण रहेको देखिन्छ।

## २.२.११ नेपाल सरकारसँग सम्पर्क

न्याय परिषद ऐन, २०७३ को दफा ३९ अनुसार न्याय परिषदले नेपाल सरकारसँग सम्पर्क राख्दा कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमार्फत गर्नुपर्ने व्यवस्था रहेको छ।

# परिच्छेद - तीन
## न्याय परिषदबाट सम्पादित कार्यहरूको विवरण

नेपालको संविधान तथा प्रचलित कानूनबमोजिम निर्धारित दायित्व निर्वाह गर्ने क्रममा न्याय परिषदबाट आर्थिक वर्ष २०८१/०८२ मा सम्पादित मुख्य काम कारबाहीको विवरण निम्नबमोजिम रहेका छन्।

### ३.१ न्याय परिषदको बैठक तथा निर्णय सङ्ख्या

यस प्रतिवेदन वर्षमा न्यायाधीशको नियुक्ति र सरूवासमेतका विषयमा छलफल गर्न न्याय परिषदको बैठक ४० पटक बसेको छ। उक्त बैठकहरूमा १०० वटा प्रस्तावहरू पेस भएकोमा विभिन्न विषयमा १०२ वटा निर्णयहरू भएका छन्। विगत दुई आर्थिक वर्षको बैठक सङ्ख्या र निर्णय सङ्ख्याको अवस्था हेर्दा, आर्थिक वर्ष ०८०/०८१ मा २४ पटक बैठक बसी ५८ वटा प्रस्तावहरू पेस भएकोमा ९८ वटा निर्णयहरू भएका छन्। त्यसै गरी आर्थिक वर्ष ०७९/८० मा २२ पटक बैठक बसी ४५ वटा प्रस्तावमा ५२ वटा निर्णयहरू भएको देखिन्छ। उल्लिखित तीन आर्थिक वर्षको न्याय परिषदको बैठक सङ्ख्या र निर्णयको तुलनात्मक अवस्था देहायबमोजिम चित्र नं. १ मा प्रस्तुत गरिएको छ।

चित्र नं. १
न्याय परिषदको बैठक तथा निर्णय सङ्ख्या




### ३.२ परिषदका निर्णयहरूको विषयगत विवरण

न्याय परिषदले न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनात्मक कारबाही, बर्खासी, न्याय प्रशासनसम्बन्धी सिफारिस एवम् परामर्श लगायत विविध विषयमा निर्णय गरेको छ। प्रतिवेदन वर्ष २०८१/०८२ मा भएका निर्णय हेर्दा, नियुक्तिको सिफारिस सम्बन्धमा ५ वटा, सरूवा सिफारिस (काजसमेत) १९ वटा, न्याय प्रशासन सम्बन्धमा परामर्श १२ वटा, उजुरी, छानबिन, जाँचबुझ तथा अनुसन्धनात्मक कारबाहीमा १८ वटा र अन्य विषयमा ४८ वटा निर्णय भएको देखिन्छ।

विषयगत निर्णयतर्फ अघिल्ला वर्षहरूसँग तुलनात्मक रूपमा हेर्दा, २०८०/०८१ मा भएका निर्णयहरूमध्ये नियुक्तिको सिफारिस सम्बन्धमा १३ वटा, सरूवा सिफारिस (काजसमेत) २९ वटा, न्याय प्रशासन सम्बन्धमा परामर्श ७ वटा, उजुरी, छानबिन, जाँचबुझ तथा अनुशासनात्मक कारबाहीमा १५ वटा र अन्य विविध विषयमा ३२ वटा निर्णय भएको देखिन्छ। आर्थिक वर्ष २०७९/०८० मा भएका निर्णय हेर्दा, नियुक्तिको सिफारिस सम्बन्धमा ८ वटा, सरूवा सिफारिस (काजसमेत) ४ वटा, न्याय प्रशासनसम्बन्धमा परामर्श ९ वटा, उजुरी, छानबिन, जाँचवुझ तथा अनुशासनात्मक कारबाहीमा २१ वटा र अन्य विविध विषयमा ९ वटा निर्णय भएको देखिन्छ।

न्याय परिषदबाट उल्लिखित तीन आर्थिक वर्षमा भएका विषयगत निर्णयको तुलनात्मक विवरण चित्र नं. २ मा प्रस्तुत गरिएको छ।

**चित्र नं. २**

निर्णयहरूको विषयगत विवरण




## ३.३ अदालतहरूमा न्यायाधीशहरूको दरबन्दी र पूर्तिको अवस्था

यस प्रतिवेदन वर्षसम्ममा सर्वोच्च, उच्च र जिल्ला अदालतहरूमा संविधान तथा ऐन कानूनअनुसार कायम भएका न्यायाधीशहरूको दरबन्दी सङ्ख्या र सो दरबन्दीअनुसार पूर्ति भएका न्यायाधीशहरूको सङ्ख्यात्मक विवरण निम्न अनुसार रहेको छः[१]

| अदालत | | दरबन्दी | पूर्ति | रिक्त | महिला | आ.ज. | मधेसी | दलित | अपाङ्ग | पि.क्षे. |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सर्वोच्च | | २१ | १९ | २ | ३ | २ | १ | - | - | - |
| उच्च | मुख्य | ७ | ५ | २ | - | - | - | १ | - | - |
| | न्यायाधीश | १५३ | १५१ | २ | २४ | २६ | ४ | ३ | - | ४ |
| जिल्ला | | २८७ | २८६ | १ | २९ | २६ | ८ | ४ | ३ | ४ |

१ प्रतिवेदन पेस गर्दाको अवधिको

### ३.३.१ सर्वोच्च अदालत

- नेपालको संविधानको धारा १२९ बमोजिम सर्वोच्च अदालतका न्यायाधीश हुन योग्यता पुगेका, न्याय परिषद ऐन, २०७३ को दफा ५ मा उल्लिखित आधारसमेतबाट न्याय परिषदको मिति २०८१।०६।११ को बैठकले उच्च अदालतमा कार्यरत मुख्य न्यायाधीशहरू श्री नृपध्वज निरौला र श्री नित्यानन्द पाण्डेलाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरी नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाइको लागि सङ्घीय संसदमा पठाइएकोमा संसदीय सुनुवाइ सम्पन्न भई नियुक्ति हुनुभएको छ।
- नेपालको संविधानको धारा १२९ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतका न्यायाधीश हुन योग्यता पुगेका, न्याय परिषद ऐन, २०७३ को दफा ५ बमोजिमका आधारसमेतबाट न्याय परिषदको मिति २०८२।०२।२७ को बैठकले वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल (प्र.प.नं. ५४८) लाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाइको लागि सङ्घीय संसदमा पठाइएकोमा संसदीय सुनुवाइ सम्पन्न भइ नियुक्ति हुनुभएको छ।
- नेपालको संविधानको धारा १२९ को उपधारा (५) बमोजिम सर्वोच्च अदालतका न्यायाधीश हुन योग्यता पुगेका, न्याय परिषद ऐन, २०७३ को दफा ५ बमोजिमका आधारसमेतबाट मिति २०८२।०२।२७ को बैठकले उच्च अदालत जनकपुरमा कार्यरत रहेका मुख्य न्यायाधीश श्री श्रीकान्त पौडेल र उच्च अदालत दिपायलको मुख्य न्यायाधीश श्री शान्तिसिंह थापालाई सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्त गर्न उपयुक्त देखिएकोले नेपालको संविधानको धारा २९२ तथा न्याय परिषद ऐन, २०७३ को दफा ६ बमोजिम संसदीय सुनुवाइको लागि सङ्घीय संसदमा पठाइएकोमा संसदीय सुनुवाइ सम्पन्न भइ नियुक्ति हुनु भएको छ।

### ३.३.२ उच्च अदालत

नेपालको संविधानको धारा १४० बमोजिम न्याय परिषदको देहायको मितिमा सम्पन्न बैठकले देहायबमोजिम उच्च अदालतको मुख्य न्यायाधीश र न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस गरेको छः

१. न्याय परिषदको मिति २०८१।०४।२५ को बैठकबाट उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस

| क्र.सं. | न्यायाधीशका नाम, थर र पद | नियुक्ति तथा पदस्थापन हुने पद र अदालत |
|---|---|---|
| १. | डा. श्री रत्नबहादुर बागचन्द<br>न्यायाधीश<br>उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज | मुख्य न्यायाधीश<br>उच्च अदालत पोखरा |

३. न्याय परिषदको मिति २०८२।०२।३० को बैठकबाट उच्च अदालतको मुख्य न्यायाधीश पदमा नियुक्तिका लागि सिफारिस

| क्र.सं. | न्यायाधीशका नाम, थर र पद | नियुक्ति तथा पदस्थापन हुने पद र अदालत |
|---|---|---|
| १. | श्री राजनप्रसाद भट्टराई<br>न्यायाधीश<br>उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्ज | मुख्य न्यायाधीश<br>उच्च अदालत विराटनगर |

| क.सं. | न्यायाधीशका नाम, थर र पद | नियुक्ति तथा पदस्थापन हुने पद र अदालत |
|---|---|---|
| २. | श्री लालबहादुर कुँवर<br>न्यायाधीश<br>उच्च अदालत पाटन | मुख्य न्यायाधीश<br>उच्च अदालत पाटन |
| ३. | श्री हरिप्रसाद भण्डारी<br>न्यायाधीश<br>उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगा<br>काजः उच्च अदालत तुलसीपुर | मुख्य न्यायाधीश<br>उच्च अदालत सुर्खेत |
| ४. | श्री राजेश्वर तिवारी<br>न्यायाधीश<br>उच्च अदालत तुलसीपुर, बुटवल इजलास | मुख्य न्यायाधीश<br>उच्च अदालत तुलसीपुर |

### ३.३.३ जिल्ला अदालत

१. न्याय परिषदको मिति २०८१।०४।२५ को बैठकबाट सिफारिस

क) ज्येष्ठता, योग्यता र कार्यक्षमताको मूल्याङ्कनको आधारबाट सिफारिस

| सि.नं. | नाम, थर, पद र कार्यरत कार्यालय | सि.नं. | नाम, थर, पद र कार्यरत कार्यालय |
|---|---|---|---|
| १. | श्री नारायण रिमाल<br>जिल्ला न्यायाधिवक्ता<br>जिल्ला सरकारी वकिल कार्यालय, ताप्लेजुङ | २. | श्री यामबहादुर बानिया<br>जिल्ला न्यायाधिवक्ता<br>जिल्ला सरकारी वकिल कार्यालय, नुवाकोट |
| ३. | श्री रुद्र प्रसाद सुबेदी<br>उपन्यायाधिवक्ता<br>महान्यायाधिवक्ताको कार्यालय | ४. | श्री धर्मराज पौडेल<br>जिल्ला न्यायाधिवक्ता<br>जिल्ला सरकारी वकिल कार्यालय, बारा |
| ५. | श्री टंकबहादुर महत<br>उपसचिव<br>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ६. | श्री सुवर्णमान बनेपाली<br>उपन्यायाधिवक्ता<br>अख्तियार दुरुपयोग अनुसन्धान आयोग |
| ७. | श्री तिर्थराज भट्ट<br>रजिस्ट्रार<br>उच्च अदालत दिपायल, महेन्द्रनगर इजलास | ८. | श्री सरिता रायमाझी<br>उपसचिव<br>युवा तथा खेलकुद मन्त्रालय |
| ९. | श्री प्रतिमा कुमारी भट्टराई पोखरेल<br>उपन्यायाधिवक्ता<br>उच्च सरकारी वकिल कार्यालय, पाटन | १०. | श्री शिवप्रसाद पराजुली<br>स्रेस्तेदार<br>रोल्पा जिल्ला अदालत |
| ११. | श्री लालसिंह थापा<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत<br>काजः उच्च अदालत पोखरा, बागलुङ इजलास | १२. | श्री शम्भुप्रसाद रेग्मी<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत |

| सि.नं. | नाम, थर, पद र कार्यरत कार्यालय | सि.नं. | नाम, थर, पद र कार्यरत कार्यालय |
|---|---|---|---|
| १३. | श्री दीपेन्द्रनाथ योगी<br>स्रेस्तेदार<br>जुम्ला जिल्ला अदालत | १४. | श्री दुर्गाप्रसाद वस्याल<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत |
| १५. | श्री दीपक धिताल<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत | १६. | श्री मेघनाथ चापागाँई<br>उपसचिव<br>न्याय परिषद सचिवालय |
| १७. | श्री मीनबहादुर कुँवर<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत | १८. | श्री ईन्द्रकुमार खड्का<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत |
| १९. | श्री नवराज कार्की<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत | २०. | श्री राजु ढुङ्गाना,<br>स्रेस्तेदार<br>पर्वत जिल्ला अदालत |
| २१. | श्री हरिसिंह धामी<br>उपसचिव<br>कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | २२. | श्री अरुण कुमार झा<br>उपसचिव<br>प्रदेशसभा सचिवालय, मधेश प्रदेश |
| २३. | श्री डोलनाथ न्यौपाने<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत | २४. | श्री दुर्गाप्रसाद भट्टराई<br>स्रेस्तेदार<br>ललितपुर जिल्ला अदालत |
| २५. | श्री ईश्वर आचार्य<br>अनुसन्धान अधिकृत<br>सर्वोच्च अदालत | २६. | श्री मोहनबहादुर अधिकारी<br>उपरजिस्ट्रार<br>सर्वोच्च अदालत |
| २७. | श्री नारदप्रसाद भट्टराई<br>स्रेस्तेदार<br>सुनसरी जिल्ला अदालत | २८. | श्री गोपालप्रसाद थापा<br>फैसला कार्यान्वयन अधिकारी<br>काठमाडौं जिल्ला अदालत |
| २९. | श्री चन्द्रदेव भारती<br>स्रेस्तेदार<br>कालिकोट जिल्ला अदालत | ३०. | श्री ठाकुरप्रसाद पौडेल<br>उपरजिस्ट्रार<br>सर्वोच्च अदालत |
| ३१. | श्री ऋतबहादुर पुलामी मगर<br>श्रेस्तेदार<br>भक्तपुर जिल्ला अदालत | ३२. | श्री जयन्ती अवस्थी भट्ट<br>इजलास अधिकृत<br>सर्वोच्च अदालत |
| ३३. | श्री दीक्षा प्रधानाङ्ग<br>सम्पादक<br>सर्वोच्च अदालत | ३४. | श्री शारदादेवी पौडेल<br>स्रेस्तेदार<br>सिन्धुपाल्चोक जिल्ला अदालत |
| ३५. | श्री देवी कुमारी चौधरी<br>श्रेस्तेदार<br>राजस्व न्यायाधिकरण काठमाडौं | | |

## ३.४ न्यायाधीशहरूको सरूवा सिफारिस तथा काज समर्थन

न्याय परिषदको विभिन्न मितिको बैठकबाट देहायको सङ्ख्यामा उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूको सरूवा सिफारिस तथा काज सरूवा निर्णयको समर्थन गर्ने निर्णय भएको छ।

उच्च अदालत तथा जिल्ला न्यायाधीशहरूको सरूवा सिफारिस तथा काजको विवरण अनुसूची-२ मा उल्लेख गरिएको छ ।

| निर्णय मिति | सरूवा सिफारिसको सङ्ख्या | | काज तथा काज समर्थनको सङ्ख्या | | कैफियत |
|---|---|---|---|---|---|
| | उच्च अदालत | जिल्ला अदालत | उच्च अदालत | जिल्ला अदालत | |
| २०८१।०४।१५ | २६ | ६५ | १ | | विस्तृत विवरण अनुसूची-२ |
| २०८१।०४।१८ | | | ३ | | |
| २०८१।०४।२५ | १ | २१ | | | |
| २०८१।०६।०६ | १ | | | | |
| २०८१।०६।११ | १४ | | | | |
| २०८१।०८।०६ | | ११ | ३ | | |
| २०८१।०९।०२ | ८ | १६ | १ | | |
| २०८१।१०।३० | १ | | | | |
| २०८१।१२।१७ | | | १ | | |
| २०८२।०१।०४ | | | १ | | |
| २०८२।०१।२५ | | | १ | | |
| २०८२।०२।०१ | | | १ | | |
| २०८२।०२।३० | १ | | | | |
| **जम्मा** | **५२** | **११३** | **१२** | | |

## ३.५ सिफारिस तथा परामर्श

### ३.५.१ संवैधानिक इजलासका लागि न्यायाधीश तोक्न सिफारिस

| क्र.सं. | माननीय न्यायाधीशको नाम र थर | निर्णय मिति |
|---|---|---|
| १. | श्री तिलप्रसाद श्रेष्ठ | २०८१।०८।१४ |
| २. | श्री विनोद शर्मा | २०८१।०८।१४ |
| ३. | श्री शारङ्गा सुवेदी | २०८१।०८।१४ |

### ३.५.२ मेलमिलाप समितिको अध्यक्ष सिफारिस

न्याय परिषदको मिति २०८१।०५।०९ को बैठकले मेलमिलाप परिषदको अध्यक्षमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री कुमार रेग्मीलाई तोक्न मेलमिलापसम्वन्धी ऐन, २०६८ को दफा २६ को उपदफा (१) (क) बमोजिम सिफारिस गर्ने निर्णय गरेको छ।

### ३.५.३ नेपाल सरकारलाई परामर्श दिनेसम्बन्धी निर्णय

| क्र.सं. | न्यायाधीशका नाम थर र पद | तोक्नका लागि सिफारिस गरिएको पद | तोक्नका लागि सिफारिस गरिएको निकाय | न्याय परिषदको निर्णय मिति |
|---|---|---|---|---|
| १. | श्री श्यामजी प्रधान<br>न्यायाधीश<br>उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास | कानून सदस्य एवम् अध्यक्ष | राजस्व न्यायाधिकरण नेपालगन्ज | २०८१।०४।१५ |
| २. | श्री जनक पाण्डे<br>न्यायाधीश<br>उच्च अदालत सुर्खेत | अध्यक्ष | श्रम अदालत | २०८१।०४।१५ |
| ३. | श्री सुदर्शनराज पाण्डे<br>न्यायाधीश<br>उच्च अदालत पोखरा | कानून सदस्य एवम् अध्यक्ष | राजस्व न्यायाधिकरण पोखरा | २०८१।०४।२५ |
| ४. | श्री ध्रुबराज नन्द<br>न्यायाधीश<br>उच्च अदालत विराटनगर | कानून सदस्य एवम् अध्यक्ष | राजस्व न्यायाधिकरण विराटनगर | २०८१।०६।०६ |
| ५. | श्री गोकर्ण डाँगी<br>न्यायाधीश<br>उच्च अदालत दिपायल | अध्यक्ष | वैदेशिक रोजगार न्यायाधिकरण | २०८१।०६।११ |
| ६. | श्री सुभाष पौडेल<br>न्यायाधीश<br>उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास | कानून सदस्य एवम् अध्यक्ष | राजस्व न्यायाधिकरण नेपालगन्ज | २०८१।०६।११ |
| ७. | श्री रामप्रसाद शर्मा<br>न्यायाधीश<br>काठमाडौं जिल्ला अदालत | अध्यक्ष | उपभोक्ता अदालत | २०८१।०७।११ |
| ८. | श्री ब्रजेश प्याकुरेल<br>न्यायाधीश<br>उच्च अदालत पाटन | कानून सदस्य एवम् अध्यक्ष | राजस्व न्यायाधिकरण काठमाडौं | २०८१।०९।११ |
| ९. | श्री विदुर कोइराला<br>न्यायाधीश<br>उच्च अदालत पाटन | सदस्य | विशेष अदालत | २०८१।०९।११ |
| १०. | डा. श्री शान्ता सेडाई सापकोटा<br>न्यायाधीश<br>उच्च अदालत पाटन, हेटौंडा इजलास | अध्यक्ष | वैदेशिक रोजगार न्यायाधिकरण | २०८२।०२।३० |

### ३.५.४ निर्वाचन अधिकृतको लागि परामर्श

- न्याय परिषदको मिति २०८१।०७।११ को बैठकले मिति २०८१ साल मङ्सिर १६ गते आइतवारका दिन देशभरका रिक्त जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष तथा नगरपालिका प्रमुख, उपप्रमुख र वडा अध्यक्षको उपनिर्वाचनको लागि जिल्ला अदालतका न्यायाधीशहरूलाई जिल्लाको मुख्य निर्वाचन अधिकृतका रूपमा खटाउन नेपालको संविधानको धारा १५० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ (२) बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।
- न्याय परिषदको मिति २०८१।०७।१२ को बैठकले मिति २०८१ साल मङ्सिर १६ गते आइतवारका दिन ताप्लेजुङ्ग जिल्ला सिरीजङ्गा गाउँपालिका वडा नं. ३ को वडा अध्यक्षको उपनिर्वाचनको लागि ताप्लेजुङ्ग जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री विकास श्रेष्ठलाई मुख्य निर्वाचन अधिकृतका रूपमा खटाउन नेपालको संविधानको धारा १५० को उपधारा (१) को प्रतिबन्धात्मक वाक्यांश तथा स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७ (२) बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।

**(निर्वाचन अधिकृतहरूको विवरण अनुसूची-३ मा उल्लेख गरिएको छ।)**

## ३.६ उजुरी तथा अनुशासनात्मक कारबाहीसम्बन्धी

### ३.६.१ छानबिनको लागि तोकिएको

**न्याय परिषदको विभिन्न मितिमा बसेको बैठकले उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूउपर परेका उजुरीहरूको छानबिन गर्न सर्वोच्च अदालतको माननीय न्यायाधीशहरूलाई तोक्ने निर्णय गरेको थियो।**

## ३.७ सम्मान तथा पुरस्कारसम्बन्धी

न्याय परिषदको मिति २०८१।०९।०१ को बैठकले उच्च अदालतका न्यायाधीशहरूमध्ये उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जका माननीय न्यायाधीश श्री निर्मला शाक्यलाई एवम् जिल्ला अदालतका न्यायाधीशहरूमध्ये पर्सा जिल्ला अदालतका माननीय न्यायाधीश श्री दीपक खनाललाई नगद र प्रमाणपत्रसहित सम्मान गर्ने निर्णय गरेको थियो।

## ३.८ उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूउपर परेका उजुरी तथा फछ्र्यौट विवरण

उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशउपर न्याय परिषद सचिवालयमा दर्ता हुन आएका विगतका आर्थिक वर्षदेखि यस आर्थिक वर्षसम्मको उजुरी र फछ्र्यौटको तुलनात्मक विवरण यसप्रकार रहेको छ।

आर्थिक वर्ष २०७९/८० मा जिम्मेवारी सरी आएको १२३ थान र नयाँ दर्ता १७६ थान गरी जम्मा २९९ थानमध्ये ६८ थान फछ्र्यौट भई २३१ थान बाँकी रहेकोमा आर्थिक वर्ष ०८०/८१ मा जिम्मेवारी सरी आएको २३१ थान र नयाँ दर्ता १४८ थान गरी जम्मा ३७९ थान मध्ये १८३ थान फछ्र्यौट भई १९६ थान बाँकी रहेका छन्। आर्थिक वर्ष ०८१/८२ मा जिम्मेवारी सरी आएको १९६ थान र नयाँ दर्ता १५६ थान गरी जम्मा ३५२ थानमध्ये २०६ थान फछ्र्यौट भई १४६ थान बाँकी रहेका छन्। विषयगत उजुरीहरूको लगत फछ्र्यौट विवरण निम्नानुसार रहेको छ ।

प्रतिवेदन वर्षसहित विगत दुई आर्थिक वर्षको जम्मा उजुरी, फछ्र्यौट, बाँकी र बाँकी प्रतिशतको तुलनात्मक तथ्याङ्कलाई हेर्दा प्रतिवेदन वर्षमा उजुरी लगत विगतका आर्थिक वर्षको तुलनामा बढेको देखिन्छ। फछ्र्यौटदर ५८.५२ प्रतिशत रहेको छ भने १४६ वटा उजुरी बाँकी रहेको छ।

चित्र नं. ३
उजुरीको लगत र फछ्यौट विवरण



| आ.व ०८१/८२ को लगत फछ्र्यौट विवरण | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | उजुरीको प्रकृति | उजुरी लगत संख्या | | | फछ्र्यौट संख्या र अवधि | | | | फछ्र्यौट हुन बाँकी | | | | कैफियत |
| | | गत आ.व. | नयाँ दर्ता | जम्मा | १ वर्षभित्रको | १ देखि २ वर्षभित्रको | २ वर्ष माथिको | जम्मा | १ वर्षभित्रको | १ देखि २ वर्षभित्रको | २ वर्ष माथिको | जम्मा | |
| १ | कार्यक्षमताको अभाव | ५५ | ४९ | १०४ | १३ | ४५ | १ | ५९ | ३६ | ९ | ० | ४५ | |
| २ | खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लङ्घन | १०० | ६८ | १६८ | ३३ | ६७ | १ | १०१ | ३५ | ३२ | ० | ६७ | |
| ३ | इमानदारीपूर्वक कर्तव्य पालना नगरेको वा बदनियतपूर्वक कार्य गरेको | ८ | ३ | ११ | १ | ६ | ० | ७ | २ | २ | ० | ४ | |
| ४ | कार्यक्षमताको अभाव र खराब आचरण वा आचारसंहिताको गम्भीर उल्लङ्घन | २० | १७ | ३७ | ७ | १३ | ० | २० | १० | ७ | ० | १७ | |
| ५ | कार्यक्षमताको अभाव र इमानदारीपूर्वक कर्तव्य पालना नगरेको/ बदनियतपूर्वक कार्य गरेको | ८ | ५ | १३ | ३ | ७ | ० | १० | २ | १ | ० | ३ | |
| ६ | खराब आचरण र इमानदारीपूर्वक कर्तव्य पालन नगरेको/ बदनियतपूर्वक कार्य गरेको | ३ | ७ | १० | ४ | ३ | ० | ७ | ३ | ० | ० | ३ | |
| ७ | कार्यक्षमताको अभाव/ खराब आचरण/ इमानदारीपूर्वक कर्तव्य पालना नगरेको, बदनियतपूर्वक कार्य गरेको | २ | ७ | ९ | १ | १ | ० | २ | ६ | १ | ० | ७ | |
| | जम्मा | १९६ | १५६ | ३५२ | ६२ | १४२ | २ | २०६ | ९४ | ५२ | ० | १४६ | |

### ३.९ विविध

- न्याय परिषदको मिति २०८१।०६।११ को बैठकबाट सर्वोच्च अदालतको मिति २०८१।०५।१७ को निर्णयानुसार न्याय परिषद (पहिलो संशोधन) नियमावली, २०८० को कार्यान्वयन सम्बन्धमा आवश्यक सुझावसहितको प्रतिवेदन पेस गर्न सर्वोच्च अदालतका वरिष्ठतम माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतज्यूको संयोजकत्वमा गठित कार्यदलले सम्माननीय प्रधान न्यायाधीशसमक्ष पेस गरेको प्रतिवेदन न्याय परिषद बैठकसमक्ष पेस भई उक्त कार्यदलको प्रतिवेदनमा उल्लिखित सुझावको कार्यान्वयन सम्बोधन प्रयोजनार्थ वरिष्ठतम माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउतलाई तोक्ने निर्णय गरेको छ।
- न्याय परिषदको मिति २०८१।०७।११ को बैठकबाट उपभोक्ता अदालत, काठमाडौँको अध्यक्ष पदमा काठमाडौं जिल्ला अदालतका माननीय जिल्ला न्यायाधीश श्री रामप्रसाद शर्मालाई तोक्न उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ४१ को उपदफा (५) बमोजिम नेपाल सरकारलाई परामर्श दिने निर्णय गरेको छ।
- न्याय परिषदको मिति २०८१।०८।०६ को बैठकबाट देहायबमोजिमको निर्णय गरेको छः-
  १. बालबालिकासम्बन्धी ऐन, २०७५ को दफा ३० बमोजिम काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोक जिल्ला अदालतको बाल इजलासबाट हेरिने मुद्दाको प्रादेशिक क्षेत्राधिकार रहने तथा भक्तपुर जिल्लामा मुकाम रहने गरी बाल अदालत, भक्तपुर गठन गर्न सिफारिस गर्ने र तत्तत् अदालतमा रहेका बालबालिकासँग सम्बन्धित विचाराधीन मुद्दाहरू बाल अदालत, भक्तपुरमा सार्ने।
  २. बाल अदालतका लागि आवश्यक पूर्वाधार एवम् जनशक्ति व्यवस्थापनका लागि नेपाल सरकारबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) स्वीकृत भई आएको बखत सोबमोजिम हुने गरी तत्कालका लागि बाल अदालत सञ्चालन गर्न आवश्यक पर्ने समाजसेवी, बाल मनोविज्ञ वा विशेषज्ञ तथा कर्मचारी एवम् सुरक्षाकर्मीको व्यवस्थापन गर्न सर्वोच्च अदालत, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, महान्यायाधिवक्ताको कार्यालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलगायत सम्बद्ध अन्य निकायसँग समेत आवश्यक समन्वय गर्न सर्वोच्च अदालतमा लेखी पठाउने।
  ३. बाल अदालत सञ्चालन गर्नका लागि आवश्यक पूर्वाधार एवम् पूर्वतयारीको कामकारबाही सम्पन्न भएको विवरण प्राप्त भएपछि न्यायाधीश तोक्ने प्रयोजनार्थ न्याय परिषदको बैठकमा पेस गर्ने।
  ४. न्याय परिषद ऐन, २०७३ को दफा २९(१)बमोजिम आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र र न्याय परिषद ऐन, २०७३ को दफा २९(२) बमोजिम आफू नियुक्ति भएको मितिले साठी दिनभित्र सम्पत्ति विवरण न्याय परिषदसमक्ष पेस गर्नुपर्ने व्यवस्थाबमोजिम तोकिएको अवधिभित्रमा सम्पत्ति विवरण पेस गरेको नदेखिएकाले दुई जिल्ला न्यायाधीशलाई न्याय परिषद ऐन, २०७३ को दफा २९(५) बमोजिम रु.५०००/-(पाँच हजार) का दरले जरिवाना गर्ने र सम्पत्ति विवरण पेस गर्न जानकारी दिने भनि निर्णय भए बमोजिम सम्पत्ति विवरण पेस भइ जरिवाना दाखिला भएको।
- न्याय परिषदको मिति २०८१।०८।१४ को बैठकबाट न्याय परिषदको आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्ययोजना सामान्य परिमार्जनसहित मिति २०८१ श्रावण १ गतेदेखि लागू हुने गरी स्वीकृत गर्ने निर्णय गरेको छ।
- न्याय परिषदको मिति २०८१।०८।१४ को बैठकबाट २०८१ साल पुष ३ गते मनाइने न्याय परिषद दिवसका दिन उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशहरूले न्याय सम्पादनमा पुऱ्याएको योगदानलाई कदर गरी सम्मान एवम् पुरस्कृत गर्न सिफारिस गर्ने प्रयोजनको लागि देहायको समिति गठन गर्ने निर्णय गरेको छः-

| | |
|---|---|
| माननीय श्री सपना प्रधान मल्ल, वरिष्ठतम न्यायाधीश, सर्वोच्च अदालत | संयोजक |
| माननीय श्री राम प्रसाद भण्डारी, सदस्य, न्याय परिषद | सदस्य |
| श्री यमबहादुर बुढामगर, सचिव, न्याय परिषद | सदस्य-सचिव |

- न्याय परिषदको मिति २०८१।१०।३० को बैठकबाट देहायबमोजिमका निर्णय गरेको छः-
- नेपालको संविधानको धारा १५३ को उपधारा १ (ङ) बमोजिम न्याय परिषदको सदस्य पदमा नियुक्त श्री दामोदर खड्कालाई न्याय परिषदमा हार्दिक स्वागत गर्दै सफल कार्यकालको लागि शुभकामना प्रदान गर्ने।
- न्याय परिषदको निवर्तमान सदस्य श्री राम प्रसाद श्रेष्ठलाई उहाँले सदस्यको रूपमा पुऱ्याउनुभएको योगदानको लागि धन्यवाद ज्ञापन गर्ने।
- न्यायाधीशहरूउपर परेका उजुरीहरूसँग सम्बद्ध मुद्दाको अध्ययन गरी रायसहितको प्रतिवेदन पेस गर्न न्याय परिषद ऐन, २०७३ को दफा १७ बमोजिम दर्ता भएका उजुरीहरूमध्ये जोडी नम्बरका उजुरीहरूको हकमा नेपालको संविधानको धारा १५३ को उपधारा १ को (घ) बमोजिम नियुक्त सदस्य र बिजोडी नम्बरका उजुरीहरूको हकमा ऐ.धारा १५३ को उपधारा १ को (ङ) बमोजिम नियुक्त सदस्यलाई तोक्ने।
- न्याय परिषदको आर्थिक वर्ष २०८०।०८१ को वार्षिक प्रतिवेदनको मस्यौदा बैठकमा पेस भई छलफल भयो। छलफलमा उठेका विषयहरूसमेत समावेश गरी परिमार्जनसहित पारित गर्ने। साथै पारित वार्षिक प्रतिवेदन नेपालको संविधानको धारा १३८ को उपधारा (१) बमोजिम सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्न व्यवस्था मिलाउने।
- न्याय परिषदको मिति २०८२।०१।२५ को बैठकबाट न्याय परिषद नियमावली, २०७४ को नियम ७(१) मा उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको कार्यकुशलता तथा कार्यक्षमता मूल्याङ्कन गर्नका लागि प्रत्येक वर्ष न्यायाधीशबाट भएका फैसला र आदेशका प्रतिलिपिहरू परिषदले तोकेको संख्यामा झिकाई अध्ययन गर्न सक्ने छ भन्ने व्यवस्था भएको, ऐ. उपनियम (३) ले फैसला अध्ययन समितिको गठन विधि उल्लेख गरेको र उपनियम (५) ले परिषदसमक्ष राय प्रतिक्रियासहित प्रतिवेदन पेस गर्नेसमेतका प्रावधान रहेको सन्दर्भमा सबै उच्च तथा जिल्ला अदालतहरू, विशिष्टीकृत अदालत एवम् न्यायाधिकरणहरूमा कार्यरत न्यायाधीशहरूले श्रावण र असोजबाहेक अन्य अवधिमा गरेका फैसलामध्ये न्यायाधीश आफैँले चयन गरी प्रत्येक दुई महिनामा एक थान फैसलाको प्रमाणित प्रतिलिपि वा सोको विद्युतीय प्रति (Soft Copy) नियमित रूपमा न्याय परिषद सचिवालयमा आइपुग्ने गरी माग गर्ने निर्णय गरेको छ।
- न्याय परिषदको मिति २०८२।०२।२२ को बैठकबाट माननीय जिल्ला न्यायाधीश श्री वासुदेव पौडेलको वर्ष मात्र उल्लेख भएको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिको जन्म मिति र पूरा जन्म मिति खुलेको शैक्षिक प्रमाणपत्रको जन्म मितिबिचको अन्तर १ वर्षभन्दा कम भएकाले निज वासुदेव पौडेलको न्याय परिषद सचिवालयमा रहेको व्यक्तिगत अभिलेख संशोधन गरी जन्म मिति २०२०।१२।२९ कायम गर्ने निर्णय गरेको छ।

### ३.१० न्याय परिषदको वार्षिक प्रतिवेदनसम्बन्धी

न्याय परिषदको मिति २०८२।०९।२३ मा बसेको बैठकले न्याय परिषदको आर्थिक वर्ष २०८१।०८२ को वार्षिक प्रतिवेदन नेपालको सम्माननीय राष्ट्रपतिसमक्ष पेस गर्ने निर्णय गरी सो निर्णयबमोजिम बार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष पेस गरिएको थियो।

# परिच्छेद - चार
## न्याय परिषद सचिवालय

### ४.१ सचिवालयको सङ्गठन संरचना

न्याय परिषदको प्रशासकीय निकायको रूपमा न्याय परिषद सचिवालय रहेको छ। न्याय परिषद सचिवालयको प्रशासकीय प्रमुखको रूपमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एक सचिव रहने कानूनी व्यवस्था छ।

**<u>न्याय परिषद सचिवालयको संरचना</u>**




* नोटः न्याय परिषद नियमावली, २०७४ मा गरिएको उल्लिखित साङ्गठनिक संरचना अनुसार सङ्गठन तथा व्यवस्थापन सर्भे (O & M Survey) र कर्मचारीको पदपूर्ति नभएको।

## ४.२ न्याय परिषदको सचिवको काम, कर्तव्य र अधिकार

न्याय परिषद सचिवालयको प्रशासकीय प्रमुखको रूपमा नेपाल न्याय सेवाको राजपत्राङ्कित विशिष्ट श्रेणीको एकजना सचिव रहने कानूनी व्यवस्था रहेको छ। न्याय परिषद ऐन, २०७३ को दफा ३६ तथा न्याय सेवा आयोग ऐन, २०७३ को दफा ५ मा ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त न्याय परिषदको सचिवको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने व्यवस्था गरेको छः

(१) परिषदले गरेको निर्णय कार्यान्वयन गर्ने गराउने,
(२) परिषदको सचिवालयमा रहने अभिलेख प्रमाणित गरी अद्यावधिक, व्यवस्थित र सुरक्षित राख्ने,
(३) परिषदका कर्मचारीलाई कार्य विभाजन गरी काममा लगाउने,
(४) परिषदको सचिवालयको कामकारबाहीको अनुगमन, नियन्त्रण, सुपरिवेक्षण गर्ने,
(५) परिषदको निर्णय सम्बन्धित व्यक्ति वा निकायलाई जानकारी गराउने,
(६) नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकताअनुसार सम्पर्क र समन्वय गर्ने,
(७) परिषदले तोकेका अन्य काम गर्ने।

यसका अतिरिक्त न्याय परिषद नियमावली, २०७४ ले समेत सचिवलाई अन्य अधिकार प्रदान गरेको छ। साथै न्याय परिषदको विभिन्न मितिको निर्णयले सचिवलाई न्यायाधीशको उमेर यकिन गरी उमेर हदको आधारमा अवकासको जानकारी दिनेलगायतका कार्य सचिवले गर्ने भनी उल्लेख भएको छ।

**(न्याय परिषदमा हालसम्म कार्यरत सचिवहरूको विवरण अनुसूची-५ मा उल्लेख गरिएको छ।)**

## ४.३ न्याय परिषद सचिवालयको काम, कर्तव्य र अधिकार

न्याय परिषद ऐन,२०७३ को दफा ३४ ले न्याय परिषदको एउटा छुट्टै सचिवालय रहने र सो सचिवालय काठमाडौं उपत्यकामा रहने व्यवस्था गरेको छ। विगतमा सचिवालयले तत्काल प्रचलित संविधान, न्याय परिषद ऐन, २०४७ तथा न्याय परिषद (कार्यविधि) नियमावली, २०५६ बमोजिम कामकारबाही सञ्चालन गर्दै आएकोमा मिति २०७३।०६।०३ देखि नेपालको संविधान, न्याय परिषद ऐन, २०७३ तथा न्याय परिषद नियमावली, २०७४ बमोजिम कामकारबाही सञ्चालन गर्दै आएको छ। न्याय परिषद सचिवालयका कार्यहरू देहायबमोजिम रहेको छ।

### ४.३.१ अभिलेख व्यवस्थापन गर्ने

न्याय परिषद सचिवालयले देहायबमोजिमका अभिलेखहरू राख्ने कार्य गर्दै आइरहेको छ।

**(क) योग्यतासम्बन्धी विवरणको अभिलेख**

न्याय परिषदले संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन योग्यता पुगेका नेपाली नागरिकहरूको विवरणसहितको अभिलेख राख्ने र सोको अद्यावधिक गर्दै आएको छ। उल्लिखित अभिलेख राख्ने प्रयोजनका लागि न्याय परिषद सचिवालयले सम्बन्धित निकायहरूसँग संविधानबमोजिम न्यायाधीशको पदमा नियुक्त हुन

योग्यता पुगेका व्यक्तिको विवरण माग गर्ने, सूचना प्रकाशन गर्ने र प्राप्त भएको अभिलेखलाई अद्यावधिक, व्यवस्थित र सुरक्षित गर्नेलगायतका कार्यहरू गर्दछ। प्रतिवेदन वर्षमा न्यायाधीश हुन योग्यता पुगेका नेपाली नागरिकको विवरण पेस गर्न सम्बन्धित व्यक्तिहरूको जानकारीको लागि सचिवालयको website मा सूचना प्रकाशित गरिएको थियो। सो सूचनाको आधारमा सचिवालयमा प्राप्त हुन आएका अभिलेखहरूलाई ब्यवस्थित रूपमा राखिएको छ। साथै न्यायाधीश नियुक्तिको प्रक्रियासम्बन्धी निर्देशिका, २०७९ अनुसार नियुक्ति गरिने न्यायाधीशको प्रक्रियामा संलग्न भएका उम्मेदवारहरूको अभिलेख राख्ने कार्यसमेत गरिएको थियो।

**(ख) व्यक्तिगत विवरणको अभिलेख**

न्याय परिषद ऐन, २०७३ को दफा ३० मा प्रत्येक न्यायाधीशको नियुक्ति मिति, अवकास मिति, योग्यता, अनुभव र विशेषज्ञता, न्यायाधीशउपर कुनै उजुरी परेको भए सो उजुरीमा न्याय परिषदबाट भएको निर्णयको संक्षिप्त विवरण, संविधान तथा न्याय परिषद ऐनबमोजिम कुनै कारबाही भएको भए सोको विवरण, निजले गरेको फैसला वा आदेश माथिल्लो अदालतबाट सदर बदर भएको विवरण, निजले प्रत्येक अदालतमा गरेको फैसला र आदेशको सङ्ख्यालगायतका विवरणहरूको एकीकृत अभिलेख तयार गर्नुपर्ने गरी तोकेको छ। ऐनको उक्त व्यवस्थाबमोजिमको अभिलेख छरिएर रहेकोमा एकीकृत अभिलेख राख्ने प्रयोजनका लागि न्याय परिषद सचिवालयले PIMS लगायत विभिन्न Software निर्माण गरी विवरण प्रविष्ट गर्ने कार्य गर्दै आएको छ। निजामती किताबखानासँग समन्वय गरी न्यायाधीशको व्यक्तिगत विवरण (सिटरोल) लाई अद्यावधिक गर्ने कार्यहरूसमेत न्याय परिषद सचिवालयबाट हुने गर्दछ। साथै न्यायाधीशको व्यक्तिगत विवरण अद्यावधिक, व्यवस्थित र सुरक्षित गर्ने सन्दर्भमा न्यायाधीशको वैयक्तिक विवरणसँग सम्बन्धित कागजातहरू सम्बन्धित न्यायाधीश तथा निकायहरूसँग माग गरी अद्यावधिक गर्ने, सचिवालयमा राखिएको अद्यावधिक अभिलेखअनुसार न्यायाधीशको अवकास हुने भएमा ऐनको दफा ३१ बमोजिम यकिन गरी सम्बन्धित न्यायाधीश र निकायलाई जानकारी दिने तथा अन्य निकायहरूमा आवश्यक विवरण पठाउनेलगायतका काम सचिवालयले गर्दै आएको छ।

**(ग) निर्णयहरूको अभिलेख**

न्याय परिषद र न्याय परिषद सचिवालयबाट भएका निर्णयहरूको अभिलेख राख्ने कार्यसमेत सचिवालयले गर्दै आएको छ।

**(घ) सम्पत्ति विवरणको अभिलेख**

न्याय परिषदका सदस्य तथा न्यायाधीशहरूले निजहरूको परिवारसमेतका नाउँमा रहेको सम्पत्तिको प्रत्येक वर्ष पेस भएको विवरणको अभिलेखसमेत राख्ने कार्य सचिवालयले गर्दै आएको छ।

**(ङ) राय परामर्शको अभिलेख**

नेपालको संविधानले न्याय परिषदलाई न्याय प्रशासनसम्बन्धी विभिन्न विषयमा सिफारिस तथा परामर्श दिने जिम्मेवारी प्रदान गरेको छ। सो जिम्मेवारीअनुरूप न्याय परिषदसमक्ष न्याय प्रशासनका अन्य विषयमा माग

भएबमोजिम आवश्यक परामर्श तथा सिफारिस दिने कार्य गर्दै आइरहेको छ। यसरी प्रदान गरिएका रायको अभिलेख राख्ने कार्यसमेत न्याय परिषद सचिवालयले गर्दै आएको छ।

**(च) आर्थिक प्रशासनसम्बन्धी अभिलेख**

भौतिक तथा मानवीय स्रोत साधनका लागि आर्थिक पक्षले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। संस्थागत उद्देश्य प्राप्तिका लागि अन्तरक्रिया, गोष्ठीलगायतका प्रवर्द्धनात्मक कार्यहरू सञ्चालन गर्न एवम् अनुगमन निगरानीको कार्यलाई तदारुकताको साथ सम्पन्न गर्न भ्रमण खर्चलगायतको विभिन्न पक्षमा आर्थिक पक्षको महत्त्व रहन्छ। आर्थिक उपलब्धताविना उल्लिखित कार्यहरू सम्पन्न गर्न कठिन हुन्छ। यस सचिवालयलाई प्राप्त बजेट तथा स्रोत साधन पर्याप्त मात्रामा उपलब्ध नभए तापनि मौजुदा स्रोत साधनहरूको समुचित उपयोग गरी त्यसको अभिलेख राख्ने कार्य हुँदै आएको छ।

**(छ) उजुरी तथा छानबिनसम्बन्धी अभिलेख**

न्यायाधीशहरूको विरुद्धमा परेका उजुरी र सो उजुरी सम्बन्धमा गरिएका छानबिन जाँचबुझको प्रतिवेदनहरूको अभिलेख सुरक्षित राख्ने कार्य हुँदै आएको छ।

### ४.३.२ बैठक व्यवस्थापन गर्ने

परिषदको बैठक बस्ने मिति, समय, स्थान र बैठकमा पेस हुने विषयसूचीसहित कानूनद्वारा निर्धारित समयमा सदस्यहरूलाई जानकारी पठाउने, परिषद तथा आयोगको बैठकका लागि आवश्यक सूचना एवम् तथ्याङ्क उपलब्ध गराई सहयोग गर्ने कार्यसमेत सचिवालयबाट हुँदै आएको छ।

### ४.३.३ निर्णय कार्यान्वयन गर्ने

न्याय परिषदबाट भएका निर्णय कार्यान्वयन गर्ने प्रमुख जिम्मेवारी न्याय परिषदका सचिवको भएकोले परिषद तथा आयोगको बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन गर्नु सचिवालयको प्रमुख कार्य हो। सो कार्य सचिवलगायत सचिवालयका कर्मचारीहरूको सहयोग एवम् समन्वयमा सम्पन्न गर्ने गरिएको छ।

### ४.३.४ सहयोगात्मक कार्य

न्याय परिषदले सम्पादन गर्ने कार्यका लागि आवश्यक पर्ने सूचना तथा तथ्याङ्क सचिवालयले उपलब्ध गराउँदै आएको छ। साथै परिषदले गर्ने अनुगमन एवम् निगरानीको कार्य र उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशउपर गठन हुने जाँचबुझ समितिबाट सम्पादन हुने कार्यहरूमा समेत आवश्यक जनशक्ति र स्रोतसाधन उपलब्ध गराई सचिवालयले न्याय परिषद र न्याय सेवा आयोगको जिम्मेवारी पूरा गर्ने कार्यमा सहयोगात्मक कार्य गर्दै आएको छ।

### ४.३.५ विभिन्न तालिम, गोष्ठी, अन्तरक्रिया आदि सञ्चालन गर्ने

न्यायाधीशको क्षमता अभिवृद्धिका अतिरिक्त न्यायाधीशहरूको आचार संहिताको पालनालगायतका विषयमा छलफल गराउने, विभिन्न तालिम सञ्चालन गर्ने, न्याय परिषदको भूमिकालाई प्रभावकारी बनाउन सरोकारवाला विभिन्न निकायहरूसँग अन्तरक्रिया, छलफल गोष्ठी आदि सञ्चालन गर्ने कार्यसमेत न्याय परिषद सचिवालयले गर्ने गर्दछ।

### ४.३.६ राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्ने व्यवस्था मिलाउने

संविधानको धारा १३८ ले न्याय परिषदको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था गरेको छ। उक्त संवैधानिक व्यवस्थाबमोजिम वार्षिक प्रतिवेदन तयार गरी परिषदसमक्ष पेस गरी पारित भएपछि राष्ट्रपतिसमक्ष पेस गर्ने प्रबन्ध गर्नु न्याय परिषद सचिवालयको अर्को महत्त्वपूर्ण कार्य हो।

### ४.३.७ विविध

न्यायिक सुशासन, स्वतन्त्रता एवम् न्यायिक निर्भीकता कायम राख्न विभिन्न अनुसन्धानात्मक एवम् खोजमूलक कार्य गर्ने, न्याय परिषदसँग सम्बन्धित समसामयिक विषयमा सूचना, विज्ञप्ति वा खण्डन प्रकाशन गर्ने, न्याय परिषदबाट भए गरेका कामकारबाहीको सङ्क्षिप्त विवरण, न्याय र कानूनको क्षेत्रमा विकसित नवीनतम अवधारणासहितको उपयोगी लेख रचना समावेश गरिएको बुलेटिन तथा अन्य आवश्यक सङ्ग्रह प्रकाशन गर्नुसमेत न्याय परिषद सचिवालयको काम कर्तव्यभित्र पर्दछ। साथै न्यायिक सुशासन कायम गर्ने सन्दर्भमा न्याय परिषदबाट गरिने छानबिन तथा जाँचबुझको कार्यमा सहायता गर्ने र न्यायिक अनुगमन तथा निगरानीको कार्यमा कार्ययोजनासहित कार्य सम्पन्न गर्ने जिम्मेवारी पनि निर्वाह गर्दै आएको छ।

## ४.४ न्याय परिषद सचिवालयबाट सम्पादित कामहरूको विवरण

प्रतिवेदन वर्ष २०८१।०८२ मा न्याय परिषद सचिवालयबाट सम्पादित कामकारबाहीको विवरण देहायबमोजिम रहेको छः

### ४.४.१ अभिलेख व्यवस्थापनसम्बन्धी कार्य

प्रतिवेदन अवधिभर सचिवालयले निम्न अनुसारका अभिलेखहरूको व्यवस्थापन गरेको छः

क. न्याय परिषदका निर्णयहरू,

ख. न्यायाधीशहरूको वैयक्तिक विवरण,

ग. न्यायाधीशहरूको वार्षिक कार्य सम्पादन तथा मूल्याङ्कन फाराम,

घ. न्यायाधीशको सम्पत्ति विवरण,

ङ. उजुरी र उजुरीसँग सम्बन्धित अनुसन्धान प्रतिवेदन,

च. हरेक अदालतको मासिक कार्य विवरण,

छ. लेखा र प्रशासनका कागजातहरू,

ज. जिल्ला न्यायाधीशको परीक्षासँग सम्बन्धित कागजातहरू,

झ. न्यायाधीशको नियुक्तिको लागि सम्भावित उम्मेदवारहरूको वैयक्तिक विवरण,

ञ. न्यायाधीशले गरेको फैसलाहरूको सदर, बदर वा केही उल्टीको अभिलेखहरू।

### ४.४.२ बैठक व्यवस्थापनसम्बन्धी कार्य

न्याय परिषदको बैठक आवश्यकताअनुसार अध्यक्षले तोकेको मिति, समय र ठाउँमा बस्ने गर्दछ। यस्तो बैठक बस्नुभन्दा ४८ घण्टाअगावै सबै सदस्यहरूलाई बैठक बस्ने मिति र समय तोकी बैठकमा छलफल हुने विषय सूचीसमेत समावेश गरी सूचना दिने व्यवस्था रहेको छ। बैठकका लागि चाहिने आवश्यक कागजात एवम् तथ्याङ्कहरू सचिवालयले उपलब्ध गराउँदै आएको छ।

### ४.४.३ निर्णय कार्यान्वयनसम्बन्धी

न्याय परिषदबाट सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस गरिएका व्यक्तिहरूको संसदीय सुनुवाइको लागि लेखी पठाउने, संसदीय सुनुवाइ सम्पन्न भई अनुमोदन भएपश्चात् नियुक्तिका लागि राष्ट्रपतिको कार्यालयमा लेखी पठाउने, उच्च अदालत तथा जिल्ला अदालतका न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनात्मक कारबाही सम्बन्धमा भए गरेका निर्णयहरूलाई कार्यान्वयन गर्ने, परिषदबाट भए गरेका राय परामर्शसम्बन्धी निर्णयहरूलाई सम्बन्धित निकायमा लेखी पठाउने कार्य गर्दै आएको छ।

### ४.४.४ वार्षिक प्रतिवेदन एवम् बुलेटिन प्रकाशनसम्बन्धी

नेपालको संविधानको धारा १३८ बमोजिम न्याय परिषदबाट भए गरेका कामकारबाहीको विवरणसहितको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने संवैधानिक व्यवस्था रहेको छ। सोहीबमोजिम न्याय परिषद ऐन, २०७३ को दफा ३८ अनुसार त्यस्तो प्रतिवेदन आर्थिक वर्ष पूरा भएको तीन महिनाभित्र पेस गरिसक्नुपर्ने संवैधानिक एवम् कानूनी व्यवस्थाबमोजिम गत आर्थिक वर्ष. २०८०।८१ को वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिज्यूसमक्ष पेस गरिएको थियो।

नेपाल अधिराज्यको संविधान, २०४७ तथा न्याय परिषद ऐन, २०४७ को व्यवस्थाबमोजिम न्याय परिषदको पहिलो बैठक वि.सं. २०४७ साल पौष ३ गते बसेकाले सोही दिनलाई नै न्याय परिषदको विधिवत् स्थापना भएको दिन मानी प्रत्येक वर्ष पौष ३ गतेका दिन न्याय परिषद दिवस मनाउने गरिएको छ। वि.सं. २०५८ सालदेखि न्याय परिषद दिवसको उपलक्ष्यमा परिषदले सम्पादन गरेका कामकारबाहीको विवरणसहितको बुलेटिन प्रकाशन गर्दै आएको छ।सो अनुसार नै वि.सं. २०८१ पौष ३ गते न्याय परिषद दिवसको अवसरमा बुलेटिन प्रकाशन गरिएको थियो।

(न्याय परिषद सचिवालयमा प्रतिवेदन पेस हुँदा कार्यरत न्यायाधीश तथा कर्मचारीहरूको विवरण अनुसूची-६ मा उल्लेख गरिएको छ।)

## ४.५ न्यायाधीशहरूको अवकाश/राजीनामा/पदमुक्तसम्बन्धी विवरण

### प्रतिवेदन वर्षमा अवकाश, राजीनामा तथा कारबाहीबाट पदमुक्त हुनुभएका न्यायाधीशहरूको विवरण

यस प्रतिवेदन वर्षमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतका देहायका न्यायाधीशहरू उमेर हदका कारण अनिवार्य अवकास तथा राजीनामा र कारबाहीका कारण सेवाबाट अलग हुनुभएको छ।

### १. अवकास

| सि.नं. | न्यायाधीशको नाम | कार्यरत अदालत | अवकास मिति |
|---|---|---|---|
| १ | सम्माननीयश्री विश्वम्भरप्रसाद श्रेष्ठ | सर्वोच्च अदालत | २०८१।०६।२० |
| २ | माननीय श्री प्रकाशकुमार ढुंगाना | सर्वोच्च अदालत | २०८१।०७।०४ |
| ३ | माननीय श्री बलभद्र बास्तोला | उच्च अदालत | २०८१।०४।०५ |
| ४ | माननीय श्री धन सिंह महरा | उच्च अदालत | २०८१।०४।०५ |
| ५ | माननीय श्री जयानन्द पनेरु | उच्च अदालत | २०८१।०४।११ |
| ६ | माननीय श्री अमृत बहादुर बस्नेत | उच्च अदालत | २०८१।०४।२९ |
| ७ | माननीय श्री कृष्ण गिरी | उच्च अदालत | २०८१।०५।०८ |
| ८ | माननीय श्री किरण पौडेल | उच्च अदालत | २०८१।०५।२१ |
| ९ | माननीय श्री पुरुषोत्तमप्रसाद ढकाल | उच्च अदालत | २०८१।०७।११ |
| १० | माननीय श्री लोहितचन्द्र शाह | उच्च अदालत | २०८१।०८।२१ |
| ११ | माननीय श्री हरिश्चन्द्र ढुंगाना | उच्च अदालत | २०८१।०८।२२ |
| १२ | माननीय श्री राजेशकुमार काफ्ले | उच्च अदालत | २०८१।०८।२८ |
| १३ | माननीय श्री सत्यमोहन जोशी थारु | उच्च अदालत | २०८१।१०।१५ |
| १४ | माननीय श्री राधाकृष्ण उप्रेती | उच्च अदालत | २०८१।११।०६ |
| १५ | माननीय श्री रमेशप्रसाद राजभण्डारी | उच्च अदालत | २०८१।११।१२ |
| १६ | माननीय श्री बलराम त्रिपाठी | जिल्ला अदालत | २०८१।०४।१० |
| १७ | माननीय श्री सनदचन्द्र लवट | जिल्ला अदालत | २०८१।०८।०२ |
| १८ | माननीय श्री महेन्द्रबहादुर कार्की | जिल्ला अदालत | २०८१।०८।२१ |
| १९ | माननीय श्री ऋषिराम आचार्य | जिल्ला अदालत | २०८१।११।१७ |
| २० | माननीय श्री बाबुकाजी बानिया | जिल्ला अदालत | २०८२।०१।१३ |
| २१ | माननीय श्री लिलाराज अधिकारी | जिल्ला अदालत | २०८२।०१।२१ |

## ४.६ आ.व. २०८१/०८२ को न्याय परिषद सचिवालयको वित्तीय स्थिति

यस आर्थिक वर्षमा सचिवालयमा चालुतर्फ रु.५१,९८९,७१५।- पुँजीगततर्फ रु.२,५००,०००।- समेत गरी कुल रु.५४,४८९,७१५।- बजेट विनियोजन भएकोमा क्रमशः चालुतर्फ रु.४५,७९३,२४३.७६।- र पुँजीगतर्फ रु.१,८१३,९८३।- खर्च भई चालु र पुँजीगततर्फ क्रमशः रु.६,१९६,४७१.२४।- र रु.६८६,०१७।- बजेट बाँकी रहेको छ। सचिवालयको बजेट शीर्षकगत विनियोजन र खर्च विवरण निम्नबमोजिम रहेको छ।

**आ.व. २०८१।०८२ को चालु तर्फको शीर्षकगत आम्दानी खर्च विवरण**

| क) २१८०००११३ चालु खर्च | | | | |
|---|---|---|---|---|
| खर्च सङ्केत | खर्च शीर्षक | जम्मा बजेट विनियोजन | जम्मा खर्च | बाँकी बजेट |
| २११११ | पारिश्रमिक कर्मचारी | १७,९१६,१०४ | १५,९८०,४४०.९२ | १,९३५,६६३.०८ |
| २१११२ | पारिश्रमिक पदाधिकारी | ३,५३६,८९६ | ३,५३६,८९६ | ००० |
| २११२१ | पोसाक | २८०,००० | २८०,००० | ००० |
| २११३२ | महंगी भत्ता | ३२७,००० | ३२७,००० | ००० |
| २११३४ | कर्मचारीको बैठक भत्ता | ७८०,००० | ७७९,००० | १००० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | १००,००० | ९६,०६५ | ३,९३५ |
| २११३९ | अन्य भत्ता | २००,००० | १७६,२५० | २३,७५० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | ८८०,००० | ६०२,५०० | २७७,५०० |
| २११४२ | पदाधिकारी अन्य सुबिधा | २००,००० | ७१,१०० | १२९,९०० |
| २१२१२ | योगदानमा आधारित निवृत्तभरण तथा उपदान कोष खर्च | १०७,००० | ८,५६२.८४ | ९८,४३७.१६ |
| २१२१३ | योगदानमा आधारित बिमा कोष खर्च | १३०,००० | ८८,००० | ४२,००० |
| २१२२३ | पदाधिकारीको योगदानमा आधारित बिमा कोष खर्च | १००,००० | २२,४०० | ७७,६०० |
| २२१११ | पानी तथा बिजुली | ९५३,००० | ९२७,९६५ | २५,०३५ |
| २२११२ | सञ्चार महसुल | ७००,००० | ६२९,९२४ | ७०,०७६ |
| २२२११ | इन्धन (पदाधिकारी) | ५००,००० | ३५०,३२४ | १४९,६७६ |

| क) २१८०००११३ चालु खर्च | | | | |
|---|---|---|---|---|
| **खर्च सङ्केत** | **खर्च शीर्षक** | **जम्मा बजेट विनियोजन** | **जम्मा खर्च** | **बाँकी बजेट** |
| २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | १,७१६,००० | १,६१०,४८९ | १०५,५११ |
| २२२१३ | सवारी साधन मर्मत खर्च | १,६९८,००० | १५९६,६५८ | १०१,३४२ |
| २२२१४ | बिमा तथा नवीकरण खर्च | ४०१,००० | ३८९,२२३ | ११,७७७ |
| २२२२१ | मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ५८९,००० | ५८९,००० | ००० |
| २२२३१ | निर्मित सार्वजनिक सम्पत्तिको मर्मत सम्भार खर्च | ४५०,००० | ४४२,७७५ | ७,२४५ |
| २२२९१ | अन्य सम्पत्तिहरूको सञ्चालन तथा सम्भार खर्च | २००,००० | १९७,१६५ | २,८३५ |
| २२३११ | मसलन्द तथा कार्यालय सामाग्री | १,८८३,००० | १,८७१,६७५ | ११,३२५ |
| २२३१३ | पुस्तक तथा सामग्री खर्च | १००,००० | १००,००० | ००० |
| २२३१४ | इन्धन - अन्य प्रयोजन | १०४,०७७ | १०३,१८४ | ८९३ |
| २२३१५ | पत्रपत्रिका, छपाइ तथा सूचना प्रकाशन खर्च | ४००,००० | ३७७,५०५ | २२,४९५ |
| २२४१२ | सूचना प्रणाली तथा सफ्टवेयर सञ्चालन खर्च | १००,००० | ००० | १००,००० |
| २२४१३ | करार सेवा शुल्क | ६,५३१,००० | ५,८७७,७४५ | ६५३,२५५ |
| २२५२२ | कार्यक्रम खर्च | ५,२९३,००० | ३,३६२,४३८ | १,९३०,५६२ |
| २२६११ | अनुगमन, मूल्याङ्कन खर्च | ६६७,९२३ | ६६७,१५३ | ७७० |
| २२६१२ | भ्रमण खर्च | २००,००० | ८०,२०० | ११९,८०० |
| २२७११ | विविध खर्च | १,२६०,००० | १,२५९,९११ | ८९ |
| २७३१३ | सेवा निवृत्तको सञ्चित बिदा | १,०४६,०२७ | १,०४६,०२७ | ००० |
| २७३१४ | सेवा निवृत्तको औषधी उपचार | २,०४०,६८८ | २,०४०,६८८ | ००० |
| २८१४२ | घर भाडा | ६००,००० | ३०६,००० | २९४,००० |
| **जम्मा** | | **५१,९८९,७१५** | **४५७९३२४३.७६** | **६,१९६,४७१.२४** |

| ख) २१८०००११४ पुँजीगत खर्च | | | | |
|---|---|---|---|---|
| खर्च सङ्केत | खर्च शीर्षक | जम्मा बजेट विनियोजन | जम्मा खर्च | बाँकी बजेट |
| ३११२१ | सवारी साधन | २०,००० | ० | २०,००० |
| ३११२२ | मेसिनरी तथा औजार | ७८०,००० | ६६४,२५३ | ११५,७४७ |
| ३११२३ | फर्निचर तथा फिक्चर्स | २००,००० | १५०,९३४ | ५०,००० |
| ३११३४ | कम्प्युटर सफ्टवेयर निर्माण तथा खरिद खर्च | ५००,००० | ० | ५००,००० |
| ३११६१ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,०००,००० | ९९९,७३० | २७० |
| जम्मा | | २,५००,००० | १,८१३,९८३ | ६८६,०१७ |

**बेरुजु सम्बन्धमा**

यस सचिवालयको नाममा यस आर्थिक वर्षसम्म कुनै पनि बेरुजु रहेको छैन।

## परिच्छेद - पाँच
# समस्या र सुधारका क्षेत्रहरू

नेपालको संविधानको भाग ११ को धारा १२६ ले शक्ति पृथकीकरणको सिद्धान्तलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्न स्वतन्त्र न्यायपालिकासम्बन्धी स्थापित मान्यतालाई आत्मसात् गर्दै न्यायसम्बन्धी अधिकारको प्रयोग अदालत तथा न्यायिक निकायहरूबाट हुने व्यवस्था गरेको छ। न्यायिक स्वतन्त्रता सुनिश्चित गर्न नेपालको प्रधान न्यायाधीश तथा सर्वोच्च अदालतका न्यायाधीशहरू एवम् उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्ति र योग्यताका विषयहरू, सेवा सर्त तथा सुविधाहरू, पद रिक्त हुने अवस्थाहरू, न्यायाधीशलाई अन्य कुनै कार्यमा लगाउन नहुनेलगायतका व्यवस्थाहरू संवैधानिक रूपमा प्रत्याभूति गरिएको छ। यसका अतिरिक्त अदालतको अधिकार क्षेत्रको प्रयोगको विषय, अभिलेख अदालतको विषय, अदालतमा भएका फैसला वा आदेशको पालनाको विषय पनि संविधानमा उल्लेख छ।

संविधानको धारा १५३ बमोजिम न्यायाधीशको नियुक्ति, सरूवा, अनुशासनसम्बन्धी कारबाही, बर्खासी र न्याय प्रशासनसम्बन्धी अन्य विषयको सिफारिस गर्न वा परामर्श दिन न्याय परिषद रहने व्यवस्था रहेको छ। न्याय परिषद ऐन, २०७३ ले यसको काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ साथै उल्लिखित ऐनको अधीनमा रही न्याय परिषद नियमावली, २०७४, न्यायाधीशहरूविरुद्ध परेका उजुरीउपर कारबाहीसम्बन्धी कार्यविधि, २०७५ समेत कार्यान्वयनमा रहेका छन्।

न्याय परिषदको स्थापनाकालदेखि नै न्याय परिषदको सचिवालयको रूपमा न्याय परिषद सचिवालय रहेको छ। सचिवालयलाई मौजुदा कानूनले कर्मचारी व्यवस्थापन, अभिलेख व्यवस्थापन, बैठक व्यवस्थापन, भौतिक स्रोत साधन व्यवस्थापन, खराव आचरण वा आचार संहिताको गम्भीर उल्लङ्घन गरेमा त्यस्तो न्यायाधीशउपर कारबाही गर्ने, निरीक्षण गर्ने, अनुगमन तथा निगरानी राख्ने, निर्णय कार्यान्वयन एवम् विभिन्न गोष्ठी, अन्तरक्रिया सञ्चालन गर्ने, नेपाल सरकार र अन्य सम्बन्धित निकायसँग आवश्यकता अनुसार सम्पर्क र समन्वय गर्ने, राष्ट्रपतिसमक्ष वार्षिक प्रतिवेदन पेस गर्नेलगायतका महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ।

संविधान तथा कानूनले न्यायपालिकालाई तोकिदिएको स्वच्छ एवम् निष्पक्ष र सुलभ न्याय प्रदान गर्ने जिम्मेवारी प्रभावकारी रूपमा निर्वाह गरी न्यायिक जनआस्थाको अभिवृद्धि गर्न सक्षम जनशक्तिको आवश्यकता पर्दछ। न्याय परिषदको काम, कर्तव्य र अधिकारलाई प्रभावकारी रूपमा सञ्चालन गर्न यससँग सरोकार राख्ने जनशक्तिको समय सापेक्ष क्षमता विकास गरी दक्षता अभिवृद्धि गर्दै लैजानु उत्तिकै जरुरी छ। संवैधानिक दायित्व निर्वाहको क्रममा न्याय परिषदले अनुभूत गरेका विद्यमान समस्या र ती समस्या समाधानका लागि देहायका विषयमा सुधार हुन आवश्यक देखिन्छ।

### ५.१ भौतिक संरचनाका सम्बन्धमा

न्याय परिषदको सचिवालयको रूपमा रहेको न्याय परिषद सचिवालयको हालसम्म आफ्नो छुट्टै भवन छैन। संविधान एवम् कानूनले तोकिदिएको विविध जिम्मेवारी निर्वाह गर्नका लागि न्याय परिषद सचिवालयको सुविधा सम्पन्न भवनको आवश्यकता विगतका आर्थिक वर्षहरूमा जस्तै यस वर्ष पनि पुनरावृत्ति गर्नुपरेको छ। न्यायाधीश

तथा न्याय सेवाका कर्मचारीसँग सम्बन्धित महत्त्वपूर्ण दस्तावेजहरूको संरक्षण तथा संस्थागत स्मरणलाई व्यवस्थित बनाउन पनि सचिवालयको आफ्नो भवन तथा सेवा प्रवाहको पूर्वाधार दुरुस्त हुन आवश्यक रहन्छ। न्यायाधीश विरुद्ध परेका उजुरीहरूउपर आवश्यक अध्ययन, अनुसन्धान गर्ने, कारबाही गर्ने, न्यायाधीशको कामकारबाही तथा आचरणको न्यायिक अनुगमन तथा निगरानी गर्ने, न्याय प्रशासनसम्बन्धी अन्य विषयमा अध्ययन अनुसन्धान गर्नेलगायतका कार्यमा पर्याप्त स्रोत सामग्री तथा सूचना प्रविधिका उपकरणको आवश्यकता पर्दछ। उल्लिखित कार्यमा अन्तरनिहित संवेदनशीलता र गोपनीयतासमेत कायम गर्नुपर्ने भएकाले न्याय परिषद सचिवालयलाई सोहीअनुरूपको भौतिक स्रोत साधन तथा कार्यकक्ष एवम् कार्यवातावरणको व्यवस्था भएको सुविधा सम्पन्न आफ्नै भवनको आवश्यकता देखिन्छ। यसको लागि सम्बन्धित निकायसँग समन्वय जरुरी छ।

### ५.२ सचिवालयको जनशक्ति व्यवस्थापन

न्याय परिषदबाट सम्पादन हुने कामकारबाहीको व्यवस्थापन न्याय परिषद सचिवालयबाट हुने गर्दछ। न्याय सेवाको विशिष्ट श्रेणी (सचिव) को नेतृत्वमा रहने न्याय परिषद सचिवालयमा नेपाल न्याय सेवा, न्याय समूहका विभिन्न पद तथा श्रेणीका कर्मचारीहरूको दरबन्दी रहेको छ। न्यायाधीशको नियुक्ति तथा सरूवा गर्ने, न्यायाधीश विरुद्ध परेका उजुरीहरूउपर आवश्यक कारबाही गर्ने, न्यायाधीशको कामकारबाही तथा आचरणको न्यायिक अनुगमन तथा निगरानी गर्ने, न्यायाधीशउपर भ्रष्टाचारको कसुरमा अनुसन्धान गरी मुद्दा दायर गर्ने, न्याय प्रशासनसम्बन्धी अन्य विषयमा अध्ययन अनुसन्धान गर्नेलगायतका न्याय परिषदका कार्यमा न्याय परिषद सचिवालयमा कार्यरत जनशक्तिले सहयोग तथा सहजीकरण गरी अभिलेख व्यवस्थापन तथा निर्णय कार्यान्वयन गर्ने गरेका छन्।

न्याय परिषदबाट सम्पादित हुने कार्य मूलतः अनुसन्धानलगायतका कार्यमा विशेष दक्षता भएको जनशक्तिको आवश्यकता पर्दछ। सूचना प्रविधि र अनुसन्धानात्मक कार्य समय सापेक्ष परिवर्तन हुँदै जाने भएकाले न्याय परिषद सचिवालयमा कार्यरत जनशक्तिलाई समय सापेक्ष ज्ञान, सिप, क्षमता र दक्षताको अभिवृद्धि गर्न समयानुकूल स्वदेशी तथा वैदेशिक तालिमलगायत प्रशिक्षणको आवश्यकता पर्ने देखिन्छ। यसका लागि सम्बद्ध सरोकारवाला निकायसँग आवश्यक सहयोग र समन्वय हुनुपर्ने देखिन्छ साथै विगत लामो समयदेखि यस सचिवालयको O&M Survey भएको नपाइएकोले जनशक्तिको उचित व्यवस्थापनको लागि यसलाई प्राथमिकता दिनुपर्ने देखिन्छ।

### ५.३ न्यायाधीशको नियुक्ति तथा सरूवा सम्बन्धमा

जिल्ला न्यायाधीशको सम्बन्धमा प्रत्येक चैत्र मसान्तसम्म रिक्त हुने पदसमेतलाई आधार मानी सोही चैत्र मसान्तसम्म रिक्त न्यायाधीश पदपूर्ति गर्ने कानूनी व्यवस्था भए तापनि न्याय परिषद नियमावलीले निर्धारण गरेबमोजिमको समयसारिणीअनुसार काम कारबाही हुन नसकेकाले सो समयसारिणीको अनिवार्यरूपमा पालना गर्नुपर्ने देखिन्छ। साथै उच्च अदालत र सर्वोच्च अदालतमा समेत रिक्त न्यायाधीशको पदपूर्ति समयमै हुन नसकेकाले न्याय परिषद ऐन, २०७३ ले निर्धारण गरेबमोजिमको समयावधिभित्रै गर्नुपर्ने देखिन्छ। यसैगरी उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशको सरूवा विविध कारणले यथासमयमा हुन नसकेको हुँदा यथासमयमा हुनुपर्ने देखिन्छ।

## ५.४ प्रवर्द्धनात्मक कार्यमा जोड

न्यायपालिकामा न्यायिक सुशासन कायम राख्नका लागि न्यायाधीशको आचारसंहिताको पालना, न्यायाधीश विरुद्ध पर्ने विभिन्न उजुरीहरूउपरको कारबाही, न्यायपालिकामा हुने भ्रष्टाचारजन्य कार्यउपरको अनुगमन एवम् निगरानी, घुस र भ्रष्टाचारजन्य कार्यको न्याय परिषदबाट हुने अनुसन्धान तथा अभियोजन, सम्पत्ति शुद्धीकरणसम्बन्धी सम्बद्ध कसुरमा हुने अनुसन्धान र एवम् अभियोजन सम्बन्धमा उच्च अदालत, विशेष अदालत, जिल्ला अदालत विभिन्न न्यायाधिकरणमा कार्यरत न्यायाधीशहरूलाई दिइने तालिम, गोष्ठी, सेमिनार, अन्तरक्रिया जस्ता प्रवर्द्धनात्मक कार्य गर्नको लागि पर्याप्त मात्रामा बजेटको आवश्यकता पर्ने हुँदा सोकोलागि सम्बद्ध सरोकारवाला निकायहरूसँग आवश्यक सहयोग र समन्वय गर्नुपर्ने देखिन्छ।

## ५.५ न्यायाधीशको कामकारबाहीको अनुगमन तथा निगरानी

न्याय परिषद ऐन, २०७३ ले न्याय परिषदलाई उच्च अदालत र जिल्ला अदालतका न्यायाधीशद्वारा सम्पादन गरिने न्यायिक कार्यको नियमित अनुगमन गर्न वा निगरानी राखी न्यायिक उत्तरदायित्व कायम गराउने जिम्मेवारी तोकिएको छ। उक्त ऐनको दफा १६ मा न्यायाधीशको कामकारबाही तथा आचरणको नियमित अनुगमन गर्न वा निगरानी राख्न न्यायिक अनुगमन तथा निगरानी समिति गठन गर्न सक्ने कानूनी व्यवस्था रहेको छ। संविधान र कानूनबमोजिम न्यायाधीशले पालन गर्नुपर्ने कर्तव्य वा पदीय आचारण पालन गरे वा नगरेको विषयमा वा न्याय परिषदले तोकेको अन्य कामकारबाहीको अनुगमन र निगरानी राख्ने काम उक्त समितिले गर्दछ। साथै सो समितिले आवश्यकता अनुसार सम्बन्धित उच्च अदालतका मुख्य न्यायाधीश, न्यायाधीश, बहाल रहेको अदालतको अन्य न्यायाधीश, कर्मचारीहरू, त्यस्तो अदालतमा कानून व्यवसाय गर्ने कानून व्यवसायी वा सेवाग्राहीसँग सम्बन्धित न्यायाधीशका सम्बन्धमा रहेको धारणा बुझ्नुपर्ने हुन्छ। साथै अनुगमन तथा निगरानीको कार्य गोप्य रूपमा गर्नुपर्ने व्यवस्थासमेत रहेकोले उक्त कार्यको लागि दक्ष जनशक्ति, प्रविधि, साधन स्रोतको आवश्यक पर्ने हुन्छ। न्याय परिषद सचिवालयको कार्यालय काठमाडौं उपत्यकामा केन्द्रित रहेको र देशभरका अदालतमा कार्यरत न्यायाधीशहरूको न्यायिक कामकारबाही र आचारसंहिताको पालनाको विषयमा अनुगमन गर्नुपर्ने र न्यायिक अनुगमन तथा निगरानीको लागि सम्भावित क्षेत्र (Prone Area)को पहिचान एवम् अध्ययन, न्यायिक कार्यमा विचलन ल्याउन मद्दत गर्ने विचलनकर्ता (Spoilers) को पहिचान एवम् निजहरूसमेत उपरको निगरानीसमेतका कार्यका लागि दक्ष जनशक्ति र आवश्यक स्रोतसाधनको व्यवस्थापनका सम्बन्धमा सम्बन्धित निकायवाट आवश्यक सहयोग र समन्वय हुनुपर्ने देखिन्छ।

## ५.६ सरोकारवालाबिचको सहयोग र समन्वय

न्याय परिषदले न्यायाधीशका कामकारबाहीका सम्बन्धमा परेका उजुरीको अनुसन्धान तथा छानबिन गर्ने कार्य गर्दछ। न्याय परिषद ऐन, २०७३ को दफा १७ र १८ मा न्यायाधीश विरुद्धमा परेका उजुरी एवम् विभिन्न माध्यमहरूबाट न्यायाधीशको कामकारबाही तथा आचार संहिताको पालनाको विषयमा छानबिन गर्न तोकिनु भएका सदस्यले कानूनले निर्दिष्ट गरेको समयावधिभित्र रायसहितको प्रतिवेदन पेस गर्नुपर्ने हुन्छ। सञ्चार माध्यममा प्रकाशित समाचारहरूको सत्यतथ्य बुझ्नसमेत लामो समय लाग्ने र अपुरा एवम् सङ्क्षिप्त उजुरी बेहोराबाट न्यायाधीशको कामकारबाहीको मूल्याङ्कन गर्नुपर्ने हुँदा तोकिएको समयमा उजुरी फछ्र्यौट हुन सकेको छैन। केही मुद्दाका पक्षहरूले आफूअनुकूलको फैसला नआएपछि पुनरावेदन तथा उजुरी साथ साथै लैजाने

परिपाटीले अनुमानमा आधारित उजुरीहरूसमेत पर्ने गरेका छन्। त्यस्ता उजुरीहरूको न्यूनीकरण गर्नका लागि सेवाग्राहीसँग न्याय परिषदको निरन्तर संवाद हुन आवश्यक छ। कतिपय तथ्यका आधारमा सम्बन्धित न्यायाधीश अनियमित कार्यमा संलग्न भए नभएको सम्बन्धमा कल डिटेल विवरण हेर्ने, मेसेन्जर, भाइबर, ह्वाट्सएप जस्ता सामाजिक सञ्जालको सामग्रीहरूको अध्ययन, विश्लेषणलगायतका कार्यका लागि दक्ष अनुसन्धानकर्ताको आवश्यकता पर्दछ। सचिवालयमा कार्यरत जनशक्तिबाट मात्र यस प्रकारका विषयमा निष्कर्षमा पुग्न सक्ने अवस्था नरहेकोले आवश्यकताअनुसार अन्य निकाय वा सङ्गठनका दक्ष जनशक्तिको प्रयोग गर्ने तथा अनुसन्धानमा अन्य मुलुकको अनुभवसमेतलाई समावेश गर्न सरोकारवाला निकायबिचको निरन्तरको सहयोग र समन्वय हुन आवश्यक रहेको छ।

### ५.७ सूचना प्रविधिको प्रयोग

नेपाल सरकारले सूचना प्रविधिको प्रयोग गरी सरकारी कार्यालयको कामकारबाहीमा पारदर्शिता ल्याउने नीति लिएको छ। न्याय परिषदलाई आवश्यक पर्ने अदालती तथ्यांक तथा मुद्दासँग सम्बन्धित विवरणहरू प्राप्त गर्नका लागि सर्वोच्च अदालतसँग समन्वय गरी CMS software मा न्याय परिषदलाई Link up गरिएको छ। न्याय परिषदका महत्त्वपूर्ण सूचनाहरू Website मार्फत न्याय परिषद सचिवालयले प्रकाशन गर्दै आइरहेको छ। सचिवालयको कामकारबाहीलाई सूचना प्रविधिमैत्री बनाउन विभिन्न सफ्टवेयर निर्माणसमेत गर्दै आएको छ। साथै सचिवालयले Integrated Data Management Center सँग समन्वय गरी सर्भर प्रयोग गर्दै आइरहेको छ। तर समय समयमा सर्भरमा आउने समस्याले सचिवालयको सूचना प्रवाहमा असर पुऱ्याएको छ। यसका साथै अन्तर निकायगत समन्वय, सम्पादित कामकारबाही तथा अन्य आवश्यक विवरणको आदान-प्रदान, सञ्चालन हुने परीक्षा तथा बढुवा फाराम र राजस्व सङ्कलन एवम् उजुरी तथा गुनासो सङ्कलनका लागि सफ्टवेयर एवम् मोवाइल एप्स निर्माण गरी सूचना प्रविधि प्रयोगको क्षेत्र विकास गर्नुपर्ने छ। यसका लागि आवश्यक स्रोत साधनको प्रबन्ध हुन आवश्यक देखिएको छ।

### ५.८ सचिवालयमा कार्यरत कर्मचारीको तालिम तथा उत्प्रेरणा

न्याय परिषदको कामको गाम्भीर्यको आधारमा न्याय परिषद सचिवालयमा कार्यरत जनशक्तिलाई समय सापेक्ष ज्ञान, सिप र क्षमता अभिवृद्धि गर्दै लैजानुपर्ने हुन्छ। यसका लागि सचिवालयमा कार्यरत जनशक्ति संलग्न हुने कार्य जस्तै बैठक व्यवस्थापन, अभिलेख व्यवस्थापन, मुद्दा अध्ययन, न्यायिक अनुगमन निगरानीसम्बन्धी कार्य, सूचना प्रविधिको प्रयोग, विदेशी भाषाको प्रयोग, भर्चुअल माध्यमबाट कार्यक्रम सञ्चालन तथा व्यवस्थापनलगायतका कार्यहरूमा तालिमको आवश्यकता पर्दछ। न्याय परिषद तथा न्याय सेवा आयोगका कामकारबाहीहरू कार्यालय समयका अतिरिक्त बिहान बेलुकासमेत हुने गरेको छ।

भ्रष्टाचार नियन्त्रणको लागि न्याय परिषदले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रूपमा, न्यायाधीशहरूको वैयक्तिक विवरण तथा सम्पत्ति विवरण चुस्त दुरुस्त राख्नको लागि राष्ट्रिय किताबखानाको रूपमा, अनुगमन तथा निगरानी कार्यको लागि राष्ट्रिय सतर्कता केन्द्रको रूपमा कामकारबाही गर्नुपर्ने हुन्छ। कार्यालय समयबाहेक हुने गरेका कार्यहरूको लागि अतिरिक्त भत्ताको व्यवस्था हुन आवश्यक छ। साथै सचिवालयमा कार्यरत कर्मचारीको दक्षता अभिवृद्धि गर्न बेला बेलामा वैदेशिक अध्ययन, अवलोकन र भ्रमणको व्यवस्था हुनु आवश्यक देखिन्छ। त्यसैगरी सचिवालयमा कार्यरत जनशक्तिलाई उत्प्रेरित गर्नका लागि मौद्रिक तथा गैरमौद्रिक प्रोत्साहन तथा समय

समयमा पुनर्ताजगी तालिमको समेत व्यवस्था हुन सके कामकारबाहीमा थप प्रभावकारिता आउन सक्छ। यस प्रयोजनका लागि सम्बन्धित निकायबाट आवश्यक बजेट तथा अवसर प्राप्त हुने विश्वास लिइएको छ।

## ५.९ फैसला वा आदेश सदर, बदर, उल्टीसम्बन्धी विवरण

न्याय परिषद ऐन, २०७३ को दफा ३० को उपदफा (१) को (घ) मा न्यायाधीशले गरेको फैसला वा आदेश माथिल्लो अदालतबाट सदर वा बदर भएको विवरणको एकीकृत अभिलेख तयार गर्ने कानूनी व्यवस्था भएबमोजिम हालसम्म न्याय परिषदलाई उपलब्ध हुन आएका विवरणहरू सङ्ग्रह गर्दै आएको छ। फैसला वा आदेश माथिल्लो अदालतबाट सदर, बदर भएको एकीकृत र वस्तुनिष्ठ विवरण तयार हुन सकेमा न्यायाधीशको वास्तविक मूल्याङ्कन हुन सक्ने हुन्छ। साथै सम्बन्धित न्यायाधीशलाई पनि सोको जानकारी SMS मार्फत जाने प्रणालीको विकास गर्न सकिएको खण्डमा थप प्रभावकारी हुने देखिन्छ। तसर्थ, सर्वोच्च अदालतको मुद्दा व्यवस्थापन प्रणालीमा सदर, बदर र उल्टीसम्बन्धी विवरण Software मा राखी न्याय परिषदको अभिलेख व्यवस्थापन लाई Link up गराउन आवश्यक भएकोले आगामी दिनमा सर्वोच्च अदालतबाट सो प्रणालीको विकास गर्न आवश्यक रहेको छ।

## ५.१० अदालत निरीक्षणलाई प्रभावकारी बनाउने सम्बन्धमा

न्याय प्रशासन ऐन, २०७३ को दफा २१ बमोजिम हुने निरीक्षण र दफा २२ बमोजिम हुने आकस्मिक निरीक्षण, मातहत अदालत वा निकायको निरीक्षणमा अदालतको सामूहिक जिम्मेवारी र व्यक्तिगत जिम्मेवारीलाई अलग अलग रूपमा स्पष्ट झल्कने गरी प्रतिवेदन तयार हुन सकेमा व्यक्तिगत मूल्याङ्कन वस्तुपरक हुने देखिन्छ। मातहत अदालतहरूको निरीक्षणबाट अनुगमन प्रणालीलाई संस्थागत गर्न सहयोग पुग्दछ। साथै यस प्रकारका निरीक्षण तथा अनुगमनबाट न्यायिक सुशासनलाई थप प्रभावकारी बनाई न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिवृद्धिमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँछ। निरीक्षण प्रतिवेदनहरूले न्यायाधीशहरूको कार्य सम्पादन तथा कामकारबाहीको अवस्थालाई दर्साउनुका साथै यस प्रकारका प्रतिवेदनले सरूवा तथा बढुवा एवम् वृत्तिविकासका अन्य अवसर निर्धारणमा आधार तयार गर्न सक्ने हुँदा निरीक्षण तथा अनुगमन प्रक्रियालाई वस्तुनिष्ठ, यथार्थपरक र थप प्रभावकारी बनाउनुपर्ने देखिएको छ।

## ५.११ आन्तरिक व्यवस्थापन र सुशासन

सचिवालयको कामकारबाहीलाई प्रभावकारी बनाउन QR Code सहितको नागरिक बडापत्र जारी गरिएको छ। गुनासो व्यवस्थापन गर्नको लागि उजुरी पेटीका राखिएको छ। इ-हाजिरीलाई व्यवस्थित गरिएको छ भने उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने तथा प्रत्येक ३/३ महिनामा सचिवालयको कामकारबाहीको गतिविधिसहितको स्वतः प्रकाशन (Pro-active Disclosure) प्रकाशित गर्दै आएकोमा त्यसलाई निरन्तरता दिँदै आगामी दिनमा समेत व्यवस्थापन सूचना प्रणाली (MIS) लाई प्रभावकारी बनाउँदै सुशासन कायम गर्नुपर्ने देखिन्छ।

# अनुसूचीहरू

## अनुसूची-१

### न्याय परिषदका अध्यक्ष र सदस्यहरूको नामावली[२]

| सि.नं. | पद | नाम थर |
|---|---|---|
| १. | अध्यक्ष एवम् प्रधान न्यायाधीश | श्री प्रकाशमान सिंह राउत |
| २. | सदस्य एवम् कानून, न्याय तथा संसदीय मामिला मन्त्री | श्री अनिल कुमार सिन्हा |
| ३. | सदस्य एवम् सर्वोच्च अदालतका वरिष्ठतम न्यायाधीश | श्री सपना प्रधान मल्ल |
| ४. | राष्ट्रपतिले प्रधानमन्त्रीको सिफारिसमा नियुक्ति गरेको कानूनविद् | श्री महेश कुमार नेपाल |
| ५. | सदस्य (नेपाल बार एसोसिएसनको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त वरिष्ठ अधिवक्ता) | श्री दामोदर खड्का |

### प्रतिवेदन अवधिमा रहेका न्याय परिषदका पदाधिकारीहरूको नामावली

| सि.नं. | पद | नाम थर |
|---|---|---|
| १. | अध्यक्ष एवम् प्रधान न्यायाधीश | श्री विश्वम्भरप्रसाद श्रेष्ठ |
| २. | सदस्य एवम् कानून, न्याय तथा संसदीय मामिला मन्त्री | श्री अजय कुमार चौरसिया |
| ३. | सदस्य, न्याय परिषद | श्री रामप्रसाद भण्डारी |
| ४. | सदस्य, न्याय परिषद | श्री राम प्रसाद श्रेष्ठ |

२ प्रतिवेदन पेस गर्दाको अवधिको

# अनुसूची-२

## उच्च तथा जिल्ला अदालतका न्यायाधीशहरूको सरुवा सिफारिस तथा काज

### क. उच्च अदालतका न्यायाधीशको सरुवा सिफारिस

| क.सं. | न्यायाधीशको नाम, थर, पद र कार्यरत अदालत | सरुवा सिफारिस गरिएको अदालत |
|---|---|---|
| निर्णय मितिः २०८१।०४।१५ | | |
| १. | श्री धीरबहादुर चन्द<br>न्यायाधीश<br>उच्च अदालत पाटन | न्यायाधीश<br>उच्च अदालत जनकपुर, राजविराज इजलास |
| २. | श्री लेखनाथ पौडेल<br>न्यायाधीश<br>उच्च अदालत विराटनगर, ओखलढुंगा इजलास<br>काजः उच्च अदाललत पाटन | न्यायाधीश<br>उच्च अदालत पाटन |
| ३. | श्री जनक पाण्डे<br>न्यायाधीश<br>उच्च अदालत पाटन | न्यायाधीश<br>उच्च अदालत सुर्खेत |
| ४. | श्री श्यामजीप्रधान<br>न्यायाधीश<br>उच्च अदालत पाटन | न्यायाधीश<br>उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलास |
